# लेटाङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# लेटाङ, मोरङ

# आ.व. २०८१/०८२ को
# वार्षिक नीति, कार्यक्रम तथा बजेट

# चालु आ.व.२०८०।०८१ को नीति, बजेट तथा कार्यक्रमको समीक्षा

सभाध्यक्ष महोदय,

लेटाङ नगरपालिकाको नगरसभा अधिवेशनमा नगर उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आार्थिकक बर्ष २०८१।८२ को चालु आ.व.२०८०।०८१ को नीति, बजेट तथा कार्यक्रमको समीक्षा प्रस्तुत गर्न चाहान्छु

**पुर्वाधार बिकास :**

१. नगर यातायात गुरुयोजना निर्माण कार्य भईरहेको छ। सडक निर्माण गर्दा asphalt Concrete को प्रयोग तथा ५ लाख भन्दा माथिका उपभोक्ता समितिबाट संचालन हुने बाहेकका आयोजनाहरु E-bidding मार्फत सञ्चालन गरिएको छ। नदी नियन्त्रण, तटबन्धन, जालीमा ढुंगा भर्ने र पैनी मर्मत लगायतका काममा २०% श्रम सहभागिता अनिवार्य गरिएको छ।

२. यस अवधिमा जम्मा ६२११ मिटर कालोपत्रे, ४८६८ मिटर सडक ग्राभेल, ६४१० मिटर नयाँ ट्र्याक, ८२२५५ मिटर बाटो मर्मत सम्भार, ६ वटा कल्भर्ट निर्माण, ६६१ मिटर ड्रेन निर्माण, पेभिङ ब्लक ९५० घन मीटर, १०८२ मीटर रोड एजिङ निर्माण, ५००० मिटर क्यानल लाइनिङ, ५ वटा भवन निर्माण, १६ वटा भवन मर्मत तथा रंगरोगन र ३३७३ क्युविक मिटर तटबन्धन निर्माणको कार्य सम्पन्न भएको छ।

३. गत आ.व.देखिको क्रमागत योजनाहरुमा शान्ती भगवती मा.वि. मा १ तलाको छात्रावास निर्माण, चिसाङ खोला घाट निर्माण वडा नं २ र ३, न्यायिक समितिको इजलास निर्माण, २ नं वडा कार्यालयको भवन निर्माण, ज्योती आधारभूत विद्यालयको भवन निर्माण, डाँडा गाउँ शिवालय सडक कालोपत्रे, घुम्ती लामिटार सडक कालोपत्रे, लेटाङ कानेपोखरी सडक मर्मत र विस्तार, त्रिवेणी सितल मार्ग, स्वर्गद्वारी मार्ग, गुवावारी भुवाखोला सडक स्तरउन्नती र लक्ष्मी सेवा समाजको भवन, सम्पन्न भएको छ भने समला खानेपानी आयोजना यसै आ.व. मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। श्रोत अभाव लगायतका कारण राजारानी ताल सौन्दर्यकरण योजना र दश शैय्या अस्पताल निर्माणको कार्य सम्पन्न समेत केही समय पछाडी सर्ने देखिन्छ। त्यसैगरी कोल्ड स्टोरेज भवन समयमै सम्पन्न नगर्ने र ठेक्का प्रक्रियामा झुट्टा विवरण पेश गर्ने व्यवसायीलाई कालोसूचीमा राख्न लेखि पठाइएको छ।

४. जस्तापाता, तारजाली, ह्युम पाइप, डिजिटल एक्सरे, पशु औषधी, निशुल्क औषधी तथा औषधीजन्य सामग्री खरिद कार्य समयमै सम्पन्न गरी उपयोग गरिएको छ।

५. लेटाङ नपा ४ को हाटबजारको मर्मत सम्भारको कार्य सम्पन्न भएको छ। शिक्षा बिकास मार्ग कालोपत्रे, सडक बोर्डको साझेदारीमा संचालित विभिन्न सडक कालोपत्रे र वडा नं २ र ९ को कार्यालयको कम्पाउण्ड वाल निर्माण यस आर्थिक बर्ष सम्म सम्पन्न गर्ने लक्ष्य लिइएको छ। बहुवर्षीय आयोजनाको रुपमा अन्तरधार्मिक शान्तिपार्क निर्माण र मूर्चुङ्गी खोला पक्की पुल निर्माणको कार्य सुचारु अवस्थामा रहेको छ।

६. त्रिपक्षीय साझेदारीमा २४ घर धुरीमा बाँयोग्यास निर्माण सम्पन्न भएको छ भने सानातिना बाटो मर्मत, सरसफाई, बिद्युत पोल बत्ती मर्मत, सिसी क्यामेरा मर्मतका कार्यहरु भएका छन्।
७. नगरपालिकाको भू-उपयोग योजना सम्पन्न भई पुन भु-उपयोग योजना बर्गीकरणको लागि २६ निवेदन परेकोमा २३ वटा सम्पन्न भएको छ। जग्गा नापजाँच ४५, सार्वजनिक जग्गा नापी ४ र २ वटा बाटो सर्भेको कार्य सम्पन्न भएको छ।
८. घरनक्सा अभिलेखीकरण १४ वटा, प्रथम चरण इजाजत लिनेको संख्या २०, दोश्रो चरण इजाजत लिनेको संख्या १७ रहेको छ भने नयाँ घर निर्माण सम्पन्नको प्रमाणपत्र लिने घर संख्या २२ रहेको छ।
९. नगरपालिका, वडा र अस्पताल भवन निर्माण गर्न जग्गा प्राप्तिको प्रक्रिया शुरु गरी सम्वन्धित निकायमा नियमित समन्वय भईरहेको छ।
१०. १७७ भुमिहीन दलित, ६२१ भुमिहीन सुकुम्बासी र ३५७३ अव्यवस्थित बसोबासीहरूको कम्प्युटर इन्ट्री गरी निस्सा बितरण गरिएको छ। भुमिहीन दलित, भुमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको निकट भविष्यमा हुने जग्गा नापजाँच प्रयोजनार्थ हाल बसोबास गरिरहेको क्षेत्र पहिचान, रेकी प्रतिवेदन वडा नं. ७ बाहेकको प्राप्त भएको छ।

**आर्थिक बिकास :**

१. ५२०० कृषकहरुको किसान सूचीकरण गरिएको छ। निजहरुलाई किसान परिचय पत्र प्रदान गर्ने कार्य सुरू गरिएको छ। समला, सिमाना, सागमा र वडा नं.२ क्षेत्रको ४४० नमुना माटो परीक्षण गरी ८० प्रतिशत अम्लीयपन देखिएको ठाउँमा सुधारका लागि ३०० केजी चुन बितरण गरिएको छ। कृषि तथा पशु पन्छीहरुको तथ्याङ्क संकलन कार्य भइरहेको छ। मकैबाली, च्याउबाली पकेट विकास कार्यक्रम, वाली संरक्षण सेवा कार्यक्रम, (५० प्रतिशत अनुदानमा बर्षे तरकारी, टमाटरको हाइब्रिड, धानको बीउ बितरण) कार्य सम्पन्न गरिएको छ। रबर नर्सरी घर निर्माण सम्पन्न भएको छ भने रैथाने बाली उत्पादन प्रवर्द्धन गर्न ब्रान्डिङ र प्याकेजिङको कार्य चलिरहेको छ।
२. पशु उपचार सेवा ३४६१, बाख्राको खोप २३२००, खोरेत ११८००, लम्फी खोप ६०२५, सुँगुर स्वाइन फिवर भ्याक्सीन १०,०००, रेबिज भ्याक्सीन ८८०, पशुहरूको नस्ल सुधार गाइ ५१३, नस्ल सुधार भैसी १२८, हिउँदे बर्षे घाँस १५/१५ हेक्टरका लागि बीउ बितरण, पशु बन्ध्याकरण ८८३, प्रयोगशाला गोबर परीक्षण १६५ गोटा साथै १७ वटा बाख्रापालन समूह गठन भएको छ। पशु स्वास्थ्य शिविर र पशु बिमा कार्यक्रम संचालनमा रहेका छन्।
३. २२ वटा सहकारीहरूले नियमित रूपमा नविकरण, सभा तथा लेखापरीक्षणको प्रतिवेदन गरेका छन्। २ वटाको बिनियम पुनर्लेखन र २ वटाको विनियम संशोधन गरिएको छ। १८ वटा सहकारीको अनुगमन गरिएकोमा नियमित रुपमा संचालन तथा व्यवस्थापन गर्न सहकारीहरुले गरेको प्रयास सकारात्मक रहेको छ। यसका बावजुद कतिपय सहकारीहरुमा ऋणीहरूको संख्या ४९% भन्दा बढी भएको, भाका नाघेको ऋण रकम र ऋणीहरूको संख्या अनुगमनको क्रममा उपलव्ध हुन नसकेको, सहकारी संस्था समान तहको सहकारीमा सदस्य भई कारोबार गरेको, सहकारी संस्थामा सदस्यता प्रदान गर्दा सञ्चालक समितिको बैठकबाट निर्णय नभएको, ऋण लगानी गर्दा धितो मुल्याङ्कन समिति र ऋण उपसमितिको निर्णय र संचालक

समितिको स्वीकृति तथा अनुमोदनको निर्णय नभएको, ऋणको बर्गीकरण र नोक्सानी कोषको उचित व्यवस्था नगरेकोले सुधार गर्न सुझाव दिइएको छ।

४. नगर पर्यटन बिकास गुरु योजना निर्माण कार्य प्रक्रिया अगाडि बढेको छ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत बेरोजगार संख्या ६१० रहेको छ। नगरपालिका समेतको साझेदारीमा वडा नं १,५,७ र ९ मा मोटरबाटो मर्मत, ड्रेन निर्माण, कल्र्भट निर्माण, बाटो सोलिङ, तारजाली लगाउने, बिद्यालय भवन मर्मत जस्ता जम्मा २६ आयोजनाहरु संचालन भएका छन्।नगरपालिकाको बजेट रु.२५,३८,०००।- र प्रधानमन्त्री रोजगार कार्यक्रमको रु. ४९,७६,५६४।०० गरी जम्मा ७५,१४,५६४।०० बराबरको कार्य सम्पन्न भएको छ भने २५१ जनाले रोजगारी प्राप्त गरेका छन्। बैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति तथा पुन: श्रम स्वीकृतिका लागि आवेदन दिने संख्या क्रमशः १८ र २३४ गरी जम्मा २५२ छ। ७२ जना श्रमिकहरूको श्रमिक सुचीकरण गरिएको छ।

६. लघु उधमीहरुलाई प्रविधि हस्तान्तरणका लागि ६ वटा समुह गठन भएको छ भने मखमली जुत्ता चप्पल सम्वन्धी एडभान्स तालिम सम्पन्न भएको छ।

७. एउटा निर्माण व्यवसायीलाई घ बर्ग को निर्माण व्यवसाय इजाजत पत्र प्रदान गरिएको छ।

**सामाजिक विकास तर्फ**

**शिक्षाः**

१. गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षा प्रदान गर्न सञ्चालित शैक्षिक कार्यक्रमहरू प्रभावकारी बनाउन विद्यालयहरूको सञ्चालन व्यवस्थापनमा आवश्यक अनुगमन र निरीक्षण गरिएको छ। विद्यालयहरू सञ्चालन व्यवस्थापनमा सृजनात्मकता सहित सुधार हुदै गएको छ भने लगानी अभावले विषयगत शिक्षक कमी, विद्यालय भवन जिर्ण हुदै गएकोले गुणस्तर सुधारमा चुनौती थपीदै गएको छ।

२. नगरका ६ वटा विद्यालयहरूको कक्षा थप गरी माथिल्लो कक्षा सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

३. बालविकास केन्द्रको अनुभव सहित विद्यालय भर्ना हुने वालवालिकाको सङ्ख्या बृद्धि भई ९० प्रतिशत भन्दा बढी पुगेको छ।

४. शिक्षक व्यवस्थापन गर्दा आयोगको करार सूचीलाई प्राथमिकता दिई व्यवस्थापन गरिएको छ। वडा नं १ र ७ का ८ वटा विद्यालयहरूमा स्वयंसेवक शिक्षक मार्फत शिक्षक सेवा प्रदान गरिएको छ। खुला प्रतियोगिताबाट प्रधानाध्यापक व्यवस्थापन गर्न नयाँ कार्यविधि लागु गरिएको छ।

५. नगर शिक्षा समिति, खेलकुद विकास समिति पूर्णता दिइएको छ।

६. पाँच वटा विद्यालयहरूको जिर्ण जस्ताको छानो फेरिएको छ।जाँते मा. वि. र श्री मा. वि. को घेरबारम्मा आवश्यक सुधार गरिएको छ।

७. विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापन र मूल्याङ्कनलाई सिकाइका लागि उपयोग गर्न सबै विद्यालयमा आर्थिक र प्राविधिक सहयोग गरिएको छ।

८. गरिव तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति मार्फत उच्च शिक्षा अध्ययनमा सहयोग गरिएको छ। लेटाङ क्याम्पसको सञ्चालन र व्यवस्थापन गर्न नियमित अनुदान प्रदान गरिएको छ।

९. बालिकाहरूलाई विद्यालय र समुदायमा विभेद, असमानतार हिंसाबाट मुक्त गर्न सचेतना र सशक्तिकरण गर्न निःशुल्क सेनीटरी प्याड वितरण, छात्रासँग उपमेयर कार्यक्रमबाट सबै विद्यालयका बालिकासँग प्रत्यक्ष कार्यक्रम सञ्चालन गरिएको छ।

१०. सबै विद्यालयमा इन्टरनेट सुविधा सुनिश्चित गरी अनलाईनबाट प्रशासनिक र प्राविधिक काम गर्न सकिने व्यवस्था गरिएको छ।

११. शान्ति भगवती मा. वि. मा एकतले छात्रावास भवन तयार भएको छ। आमाबाबु विहीन ३ जना बालबालिकालाई कक्षा १२ सम्मको नि:शुल्क शिक्षा छात्रवृत्ति प्रदान गरिएको छ। बालिका शिक्षा बचत कार्यक्रमबाट २३ जना बालिकाहरूलाई दोस्रो र १९ जना बालिकालाई प्रथम किस्ता गरी जम्मा ४२ जना वालिकाहरू बचतमा सहभागि गरिएको छ।

१२. नगरस्तरीय कक्षा ८ उत्तीर्ण परीक्षा, माध्यमिक शिक्षा परीक्षा स्वच्छ र मर्यादित रूपमा सञ्चालन गर्न आवश्यक सुधार सहित तोकिएको समयमा सम्पन्न गरिएको छ। नतिजाका आधारमा २ माध्यमिक विद्यालय र सामुदायिक र संस्थागत विद्यालयका ४/४ जना छात्र/छात्रालाई पुरस्कृत गरिएको छ।

१३. विद्यालयहरूले नियमित रूपमा अतिरिक्त क्रियाकलाप सञ्चालन र विद्यार्थीको सिकाइ प्रगति सार्वजनिकीकरण कार्यक्रम, बार्षिक उत्सव, सामाजिक परीक्षण र विशेष भेला मार्फत विद्यालयमा अभिभावकको चासो र सहभागिता बढ्दै गएको छ। सबै विद्यालयको सुधार योजना अध्यावधिक गरि कार्यान्वयनमा रहेको छ यसले विद्यालय सुशासन र जवाफदेहितामा सुधार भएको छ। यस्ता कार्यमा वडा तथा स्थानीय गैर सरकारी संस्थाको सहयोग समेत महत्वपूर्ण रहेको छ।

१४. विद्यालय तहका विद्यार्थीहरूको लागि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गरी जिल्ला स्तरको प्रतियोगितामा नगरको सहभागिता गराइएको छ।

१५. लिम्बु भाषाको पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न कक्षा २ सम्म लागु गरिएको छ।

१६. स्थानीय पाठ्यक्रममार्फत स्थानीय महत्वपूर्ण स्थान, ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको पठनपाठन गराइएको छ। मठ मन्दिर, माङहिम, ग्रामथान, गुम्बा, चर्च निर्माण, जात्रा र पर्वहरु संरक्षण र विकास गर्न आवश्यकता अनुसार बजेट बिनियोजन गरी धार्मिक सहिष्णुता विकासका कार्यहरू गरिएका छन्।

**युवा तथा खेलकुदः**

१. नगरका युवाहरूलाई स्वयमसेवक परिचालन तालिम सञ्चालन गरी सशक्तिकरण गरिएको छ।

२. नगरस्तरी स्थानीय स्काउट गठन र कार्यालय स्थापना गरिएको छ। स्काउट मार्फत युवा परिचालन गर्न सुरू गरिएको छ।

३. नगरको सबै वडाको महिला टीमको सहभागितामा प्रथम नगर महिला भलिबल प्रतियोगिता सम्पन्न भएको छ।

४. स्थानीय खेल क्लव र टीमहरूको क्षमता विकास हुदै गएको छ। लोकप्रिय क्रिकेट खेललाई नगरमा क्रमश विस्तार गर्न प्रथम मेयरकप प्रतियोगिता सम्पन्न भएको छ। वडा तथा विभिन्न स्थानमा रहेको खेल मैदानहरू समुदायस्तर र नगरबाट आवश्यक संरक्षण र विकास गरिएको छ।

५. क्लबहरुलाई खेलकुद सामग्री प्रदान गरिएको छ। खेलकुदलाई व्यवस्थित गर्न सुधारको आवश्यकता महसुस भएको छ।

**स्वास्थ्यतर्फ**

१. महामारी व्यवस्थापन महामारीका रुपमा रहेको डेङ्गी नियन्त्रणका लागि खोज र नष्ट गर्ने (Search and Destroy) अभियान, स्प्रेइङ, फगिङ, सरोकारवाला अभिमुखीकरण, जनचेतना तथा माइकिङ साथै सवै विद्यालयहरुमा डेङ्गी सचेतना कार्यक्रम सम्पन्न गरिएको छ।

२. लेटाङ अस्पताल डेङ्गी तथा महामारीजन्य रोगहरुको उपचारका लागि ट्रपिकल वार्ड/ आकस्मिक कक्ष व्यवस्थापन गरी ३७४६ जना भन्दा धेरैको परीक्षण गरी १३५४ जनाको डेङ्गी पहिचान गरिएको छ। १७८० जना डेङ्गी लगायत आकस्मिक अवस्थाको भर्ना गरी उपचार गरिएको छ।

३. वडा सिफारिसको आधारमा २०५ जनालाई मासिक ५००० का दरले उपचार खर्च भुक्तानी गरिएको छ।

४. बालबालिकाहरूलाई नियमित रुपमा दादुरा रुबेला, पोलियो बिरुद्धको खोप, आइपिभी खोप सञ्चालन, पाठेघरको मुखको क्यान्सर पहिचान, गर्भवती महिलाको अल्ट्रासाउण्ड, लामो अवधिको परिवार नियोजन सेवा, ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम, पोषण सम्वन्धी कार्यक्रम,आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. २ मा ल्याव सेवा विस्तार, लेटाङ अस्पतालको निदान क्षमता अभिवृद्धिका लागि प्रयोगशाला, डिजिटल एक्सरे तथा विशेषज्ञ सेवा विस्तार, जाँते स्वास्थ्य चौकीको प्रयोगशाला सुदृढिकरण गरिएको छ। नि:शुल्क रुपमा उपलव्ध हुने औषधी आपुर्तिको व्यवस्थापन गरिएको छ।

**सामाजिक सुरक्षा**

१. ब्यक्तिगत घटना तर्फ चालु आ.व.मा जन्म दर्ता ६२०, मृत्यु दर्ता ३००,सम्वन्ध विच्छेद ६७, बसाँईसराई आएको संख्या ५६९ र बसाइ सरी गएको संख्या ४०८ रहेको छ। सामाजिक सुरक्षा भत्ता लाभग्राही संख्या त्रैमासिक चौथो किस्ता पाउने जेष्ठ नागरिक २४१२, जेष्ठ नागरिक दलित १५३, जेष्ठ नागरिक एकल महिला, ३०७, पूर्ण अपाङ्ग क वर्ग १४०, आंशिक अपाङ्ग ख वर्ग २१९ र दलित बालबालिका २०६ गरी जम्मा ४०२८ जना देखिन्छ।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक**

१. लैङ्गिक हिंसा बिरूद्धको १६ दिने अभियान, जेष्ठ नागरिक पुष्तान्तरण कार्यक्रम, जेष्ठ नागरिक दिवस, बालविवाह अन्त्यका लागि सशक्तिकरण कार्यक्रम सम्पन्न भएको छ। लेटाङ नगरपालिकाको सम्पूर्ण वडाहरूमा बालक्लब सञ्जाल समेत गठन भएको छ।

२. अपाङ्गता भएका व्यक्तिहरूका लागि १५ थान ह्विल चियर, ६ थान बैशाखी, ९ थान लठ्ठी, रु१० हजारका दरले ७ जना स्वास्थ्य उपचार सहयोग, ५ दिने दालमोठ भुजिया अन्य चिप्स बनाउने तालिम सञ्चालन गरेको छ। अपाङ्गता भएका व्यक्तिहरू समूहका लागि बिउपुँजी कोषको स्थापना र परिचालन साथै मिलिजुली समूहका पदाधिकारीहरूलाई क्षमता विकास तालिम सम्पन्न गरिएको छ।

३. लक्षित वर्गका लागि हलुका सवारी चालक प्रशिक्षण तथा लक्षित महिलाहरुका लागि स्यानिटरी प्याड बनाउने तथा ब्यवसायीकरण तालिम संचालन भएको छ।

**वन तथा वातावरण**

१. १० शैय्या नगर अस्पताल निर्माण क्षेत्रको वातावरणीय अध्ययनको प्रतिवेदन भैरहेको र नदिजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री कार्य IEE प्रतिवेदनका आधारमा मात्र हुने गरेको छ।
२. चुरे क्षेत्रको संरक्षण गर्न कम आय भएका ९ वटा सामुदायिक वनहरुलाई वन बिकास तथा कार्यालय संचालन खर्चको रुपमा रु ५० हजारको दरले अनुदान उपलब्ध गराइएको छ।
३. चुरे क्षेत्रको १ नं. वडामा ५००० चिउरीको बोट रोपिएको छ।
४. साप्ताहिक २ पटक घरदैलो गई बजार क्षेत्रको फोहोर संकलन गरी फोहोरमैला व्यवस्थापन गरिएको छ।
५. दमकल सेवा, शववाहन सेवाहरु नियमित रुपमा संचालनमा रहेको छ। बेबारिसे मानव र लास व्यवस्थापन गर्ने गरिएको छ।
६. मौसमजन्य बाढी, पहिरो नियन्त्रण तथा नदि तटबन्धन, सिँचाई पैनीहरुको संरक्षण तथा पैनीको मुहान उकास्ने कार्य आवश्यकता अनुसार नियमित रुपमा संचालनमा रहेका छन्।

**सुशासन तथा संस्थागत विकास**

१. चालु आमा.ब. कार्यविधि १३, ऐन – २, ऐन संशोधन – ५, नीति – १, निर्देशिका -१, कार्यविधि संशोधन – १ वटा निर्माण भएको छ। ८ वटा स्थनीय संस्था दर्ता भएका छन्।
२. न्यायिक समित मार्फत हालसम्म १०४ वटा विवादहरु निरूपणका लागि दर्ता हुन आएकोमा ८० वटा फछ्र्यौट, सहमति भएको ७ र ४२ वटा विवादहरु सहमति सहितको मिलापत्र भएको छ। त्यसैगरी ३१ वटा उजुरी तामेलीमा राखिएको छ भने २४ वटा विवादहरु प्रक्रियामा रहेका छन्। मनोविमर्श सेवा लिनेको संख्या १७६ रहेको छ।
३. नगर आवधिक योजना, मध्यकालीन खर्च संरचना राजस्व सुधार कार्य योजना, नगर बस्तुस्थिति बिवरण र लैङ्गिक समानता तथा समावेशीकरण बजेट परीक्षणको कार्य सम्पन्न भएको छ।
४. नियमित सार्वजनिक सूनुवाई, सामाजिक परीक्षणको कार्य सम्पन्न भएको छ। नियमित रुपमा कार्यापालिकाको निर्णयहरू, खरिद सम्बन्धी सूचना, समीक्षा प्रतिवेदन, त्रैमासिक प्रगति प्रतिवेदन तथा स्वत: प्रकाशन गर्नुपर्ने सूचनाहरू र अन्य दस्तावेजहरू वेभसाइटमा राखिएको छ।
५. वडागत रूपमा १/१ जना प्राविधिकहरू खटाइएको छ। कर्मचारी र जनप्रतिनिधि तथा उपभोक्ताहरूलाई क्षमता विकास तालिम सञ्चालन गरिएको छ।

६. लेटाङ बजारभित्र ट्राफिक व्यवस्थापनको कार्य, आकस्मिक सेवा तथा सूचनाका लागि एक घर एक स्टिकर टाँस्ने कार्य सम्पन्न गरिनुका साथै नगरपालिकामा डीजिटल बडापत्र र कर्मचारी सहित हेल्पडेस्क सञ्चालनमा ल्याइएको छ।

७. रिक्त दरवन्दीहरूमा खुल्ला प्रतिस्पर्धा मार्फत करारबाट पदपुर्ति गरिएको साथै O&M अनुसार रिक्त दरबन्दीमा स्थायी नियुक्तीका लागि प्रदेश लोकसेवा आयोगमा कर्मचारी माग गरिएको छ। नगरपालिकाको कार्यालयमा स्थायी कर्मचारी ३३, करार कर्मचारी ३९, नगर प्रहरी ५ जना र डोर हाजिरीमा ३० जना र स्वास्थ संस्थामा स्थायी २७, करार २१ गरी कुल १५५ कर्मचारीहरु कार्यरत रहेका छन्। चालु आ.ब. मा १० जना कर्मचारीहरुको तहबृद्दि भएको छ।

८. संघ, प्रदेश, अन्य स्थानीय तह र निकायसँगको समन्वय र समझदारीमा लेटाङ कानेपोखरी सडक मर्मत (सडक बोर्ड) र अन्य पालिका, राजारानी ताल सौन्दर्यकरण योजना, मुर्चुङ्गे खोला पक्की पुल निर्माण, वडा नं २ र ९ को कार्यालय भवन निर्माण जस्ता योजनाहरु संचालनमा रहेका छन्।

९. नगरपालिकाको राजस्व अभिवृद्धि गर्ने उद्देश्यले घरदैलो कार्यक्रम गरी तथ्याङ्क संकलन गरिएको साथै घरनक्सा अभिलेखीकरण गर्नका लागि तथ्याङ्क संकलन तिब्र बनाइएको छ।

१०. गैर सरकारी संस्था सामुदायिक विकास मञ्च CDF, पहाडी ग्रामीण विकास संस्था उत्तरी मोरङ हर्डन र महिला पुनर्स्थापना केन्द्र (ओरेक) सँग साझेदारी बिभिन्न कार्यक्रम सम्पन्न गरिएको छ।

११. आ.व. ०७९।०८० मा LISA तर्फ ६८.५% र FRA मा ७७.५% अङ्क प्राप्त गरी सस्थागत क्षमतामा सुधार भएको छ।

१२. महालेखा परीक्षणको कार्यालयको प्रतिवेदनमा औल्याएका विगत वर्षहरूका बेरूजुलाई क्रमश: घटाउदै लगिएको अवस्था छ। अघिल्लो आ.व. ०७८।०७९ को तुलनामा चालु आ.व. २०७९।०८० मा ५५.१६% बेरूजु कम भएको छ।

१३. समिक्षा अवधिसम्म यस कार्यालयबाट ५ लाख भन्दा बढी लागत भएका ३१ वटा योजनाको अनुगमन गरिएको छ। त्यसै गरी बजार अनुगमन समिति बाट ४ वटा भेटनरी कृषि पसल,१ वटा पोल्ट्री फर्म, ७ वटा मासु पसल, २ वटा माछा पसल, ४ वटा खाद्य उद्योग, १ वटा केक पसल, १० किराना पसल तथा सप्लायर्स, १ वटा होटल र १३ वटा स्वास्थ्य क्लिनिकको अनुगमन सम्पन्न भएको छ। साथै कार्यालयबाट वडागत जिन्सी तथा राजस्वको अनुगमन समेत गर्ने गरिएको छ।

## १. चालु आ.व. २०८०।०८१ को मिति २०८१ असार २६ गतेसम्मको आय तथा व्यय विवरण

आ व २०८०/८१ को आय विवरण

| क्र.सं. | स्रोत | वार्षिक अनुमानित आय | कुल आम्दानी | आम्दानी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | **आन्तरिक आय** | **२२८११८३५०** | **१०१९८३८३३.३** | **४४.७१** | |
| | क. गत आ व अल्या नगद मौज्दात | ४३२१६७६२ | ४३२१६७६२.९६ | **१००** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख. यस आ व को आन्तरिक राजश्व | ६६६७६२१४ | २७९५१७७०. | ४१.९२ | |
| | ग स्थानिय राजश्व बाँडफाँड | ११८२२५३७४ | ३०८१५३००.३४ | २६.०६ | |
| २ | **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | **१३३८८००००.** | **११३९०४६४८.६४** | **८५.०८** | |
| | क. नेपाल सरकार | १०९३२१०००. | ९२४३७५२८.१ | **८४.५६** | |
| | ख. प्रदेश सरकार | २४५५९०००. | २१४६७१२०.५४ | **८७.४१** | |
| ३ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **३५११८३०००.** | **३३७६४४२००.** | ९६.१४ | |
| | क. वित्तीय समानिकरण अनुदान | ११४७०००००. | १०६६७१०००. | **९३.** | |
| | ख. सशर्त अनुदान | २१९४८३०००. | २१५१७३२००. | **९८.०४** | |
| | ग. समपुरक अनुदान | ५००००००. | ५००००००. | **१००.** | |
| | घ. विशेष अनुदान | १२००००००. | १०८०००००. | **९०.** | |
| ४ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **२५२९००००.** | **२५२९००००.** | **१००.** | |
| | क. वित्तीय समानिकरण अनुदान | ७२२७०००. | ७२२७०००. | **१००.** | |
| | ख. सशर्त अनुदान | ५०६३०००. | ५०६३०००. | **१००.** | |
| | ग. समपुरक अनुदान | १३००००००. | १३००००००. | **१००.** | |
| | घ. विशेष अनुदान | ० | ० | **०.** | |
| ५ | **आन्तरिक ऋण** | **0** | **0** | ०. | |
| ६ | **अन्य अनुदान** | **१५७५६६५०.** | **९३९०२१०.५९** | **५९.६** | |
| | क. जिल्ला समन्वय समिति | २६३१६५०. | २०७८५००. | **७८.९८** | |
| | ख. सडक वोर्ड | ४२०००००. | ४११७६०८. | **९८.०४** | |
| | ग PLGSP | ४२५०००. | ०. | **०.** | |
| | घ जनसहभागिता | ८५०००००. | ३१९४१०२.५९ | **३७.५८** | |
| **कुल जम्मा** | | **७५४२२८०००.** | **५८८२१२८९२.५३** | **७७.९९** | |

| आ.व. : २०८०/८१ विषय क्षेत्रगत व्यय विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | कैफियत |
| **१** | **आर्थिक विकास** | **८,९४,४६,५५८.००** | **३,४०,६८,५८९.००** | **३८.०९** | |
| १ | कृषि | १,८५,१४,९६१.०० | १,४०,७०,५१९.०० | ७६ | |
| २ | उद्योग | १४,००,०००.०० | १३,९९,९८०.०० | १०० | |
| ३ | पर्यटन | २,३३,०९,५६०.०० | १८,१९,०४९.०० | ७.८ | |
| ४ | सहकारी | १४,२०,६८३.०० | ४,६९,८७३.०० | ३३.०७ | |
| ५ | जलश्रोत तथा सिंचाई | ३,४९,७३,१४९.०० | ९२,२१,२०७.०० | २६.३७ | |
| ६ | बन | २७,२६,२०५.०० | १५,१६,८१४.०० | ५५.६४ | |
| ७ | पशुपन्छी विकास | ५६,०२,०००.०० | ४०,७१,५७२.०० | ७२.६८ | |
| ८ | भूमि व्यवस्था | १५,००,०००.०० | १४,९९,५७५.०० | ९९.९७ | |
| **२** | **सामाजिक विकास** | **२६,४०,३२,६७५.००** | **२१,८९,९७,९९७.३०** | **८२.९४** | |
| १ | शिक्षा | १९,९२,७०,०५०.०० | १७,९०,१४,५३१.३० | ८९.८४ | |
| २ | स्वास्थ्य | १,८८,५९,२००.०० | १,१५,८७,५३९.०० | ६१.४४ | |
| ३ | खानेपानी तथा सरसफाई | १,१०,३५,०००.०० | ४०,५३,८०७.०० | ३६.७४ | |
| ४ | भाषा तथा संस्कृति | ३,९९,७००.०० | ३,९७,९२२.०० | ९९.५६ | |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,०८,३९,७४५.०० | ६८,४८,५०१.०० | ६३.१८ | |
| ६ | युवा तथा खेलकुद | ८९,७०,१८५.०० | ३८,०२,३३८.०० | ४२.३९ | |
| ७ | जनसंख्या तथा बसाईसराई | ५९,००,०००.०० | ५०,१८,०००.०० | ८५.०५ | |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण | ८७,५८,७९५.०० | ८२,७५,३५९.०० | ९४.४८ | |
| **३** | **पूर्वाधार विकास** | **१८,५८,६४,२७५.००** | **१०,४८,६७,८३५.००** | **५६.४२** | |
| १ | यातयात पूर्वाधार | ११,२१,८७,०४०.०० | ७,०७,६३,९३२.०० | ६३.०८ | |
| २ | भवन, आवास तथा सहरी विकास | ४,६७,९४,३००.०० | १,३०,०७,०३०.०० | २७.८ | |
| ३ | उर्जा | ४४,४४,३७८.०० | १८,०४,६४७.०० | ४०.६१ | |
| ४ | संचार तथा सूचना प्रबिधि | १६,००,०००.०० | ७,५१,९०५.०० | ४६.९९ | |
| ५ | सम्पदा पूर्वाधार | १,७२,८८,५५७.०० | १,५१,०९,५१५.०० | ८७.४ | |
| ६ | पुननिर्माण | ३५,५०,०००.०० | ३४,३०,८०६.०० | ९६.६४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **३,४०,९८,६३८.००** | **१,८६,१६,३५४.००** | **५४.६** | |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१८,०७,८५,८५४.००** | **१३,६३,३६,१६७.४६** | **७५.४१** | |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १८,०७,८५,८५४.०० | १३,६३,३६,१६७.४६ | ७५.४१ | |
| **कुल जम्मा** | | **७५,४२,२८,०००.००** | **५१,२८,८६,९४२.७६** | **६८** | |

| आ.व. :२०८०/८१ चालु र पुजिगत खर्च विवरण | | | | |
|---|---|---|---|---|
| क्र स | शीर्षक | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८०/८१ को खर्च | खर्च % |
| १ | **चालु** | **४३७९९०२१७.** | **३५०९७१५७६.७६** | **८०.१३** |
| २ | **पूंजीगत** | **३१६२३७७८३.** | **१६१९१५३६६.** | **५१.२** |
| **कुल व्यय** | | **७५४२२८०००.** | **५१२८८६९४२.७६** | **६८.** |

**चालु आ.ब.मा देखिएका मुख्य समस्याहरुः**

१ कतिपय कनुनहरू जस्तै शिक्षा, संघीय निजामती ऐन हालसम्म नबनेकोले जनशक्तिको उत्प्रेरणा र मनोवल उच्च बनाउन समस्या रहेको छ भने व्यवस्थापनमा समस्या भैरहेको छ।

२ वित्तीय समानीकरण, राजस्व वाँडफाड  र आन्तरिक राजस्व कमी हुँदा स्रोतको कमी रहेको छ।

३ आवधिक योजना, बार्षिक विकास आयोजना छनौट, संचालनमा समय परिपालना, गुणस्तर सुनिश्चित गर्न कठिनाइ रहेको छ।

४ जग्गा प्राप्ति तथा श्रोत अभावले आधुनिक कार्यालय भवन र वडा कार्यालय बनाउन नसक्दा कार्यवातावरणमा सुधार गर्न नसकिएको अवस्था छ।

५ विभिन्न सरकारसँग समन्वय, सहकार्य तथा साझेदारीमा ठुला आयोजनाहरु अपेक्षित रूपमा संचालन गर्न नसकिएको अवस्था रहेको छ।

६ स्रोत अभावमा सन्तुलित विकासका कार्यक्रमहरू सञ्चालन गर्न कठिनाई भएको अवस्था रहेकोछ।

७ कानुन परिपालना गराउन कठिनाई भएको अवस्थाले कार्यसम्पादन चुस्त, दुरुस्त बनाउन थप प्रयत्न गरिरहनु परेको अवस्था छ।

८ कर्मचारीहरु बारम्बार परिवर्तन भईरहँदा संस्थागत संस्मरण तथा कार्य सम्पादनमा समस्या देखा परेको छ।

# आगामी आ.व. २०८१।०८२ को नीतिहरू

सभाध्यक्ष महोदय,

अब म लेटाङ नगरपालिकाको आगामी आ.व. २०८१।०८२ को नीतिहरू गर्न चाहन्छु।

**१. आर्थिक विकास**

**क) कृषि विकास**

१. लेटाङ नगरपालिकाको प्रमुख सम्भावना बोकेको कृषि नगदे बालीको व्यवसायीकरण, यान्त्रिकीकरण र बजारीकरण गरी कृषकहरूको आय आर्जनमा वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२. नगदेवालीहरू सुपारी, अलैंची, सुन्तला, कफी, बेसार, अदुवा, केरा जस्ता कृषिजन्य वस्तुको उत्पादन क्षेत्र पहिचान गरी पकेट क्षेत्रको रुपमा विस्तार गर्दै लगिनेछ।

३. कृषि पेशालाई थप सम्मानित र आकर्षक बनाउन उत्कृष्ट किसान तथा कृषक समूहलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. किसानहरूलाई जैविक मल तथा जैविक विषादी उत्पादन गर्न प्रोत्साहन गरिनेछ।

५. जलवायु परिवर्तन तथा अन्य कारणले वालीहरूमा लाग्ने रोग किराहरू र प्राकृतिक प्रकोपबाट हुने क्षतिको प्रभाव कम गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

६. निर्माणाधीन कृषि उपज भण्डारणको (शीत भण्डार) पुनरावलोकन गरी निर्माण कार्य अगि बढाइनेछ।

७. जमिनको संरक्षण र उत्पादकत्व वृद्धिका लागि बहुउपयोगी  र नगदे बाली सहितको कृषि वनको प्रवर्द्धन गरिनेछ।

८. सुख्खा ग्रस्त क्षेत्रमा प्लास्टिक पोखरी निर्माण तथा थोपा सिंचाई जस्ता विकल्प खोजी प्रयोग गरिनेछ।

९. वास्तविक किसानको पहिचान गर्ने कार्य सम्पन्न गरी किसान परिचयपत्र वितरण र प्रयोग गरिनेछ।

१०. कृषकहरूको उत्पादनमा गरेको लगानी सुरक्षित बनाउन थप अध्ययन गरी नगदे बालीमा कृषि बिमा गर्न प्रोत्साहित गरिनेछ।

११. पुष्प खेतीलाई ब्यावसायिक रुपमा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

१२. कृषि क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने विद्यार्थी तथा विज्ञलाई प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३. बजार क्षेत्रमा करेसावारी तथा कौसीं खेतीलाई प्रोत्साहन गरिनेछ।

१४. सबै किसानहरूलाई कृषि समूह तथा कृषि सहकारीमा आवद्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५. हाइब्रीड तथा उन्नत बीउ बितरण कार्यक्रम सञ्चालन गरिनेछ।

१६. “सिक्दै कमाउदै कृषि शिक्षा कार्यक्रम” लाई निरन्तरता दिइनेछ।

१७. बिद्यालयमा नमुनाको रूपमा कृषि बगैंचा कार्यक्रम सञ्चालन गरिनेछ।

१८. कृषि क्षेत्रमा लाग्ने रोग किराको बाली संरक्षण सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१९. स्वस्थ्य बाली उत्पादन बृद्धि गर्न माटो परीक्षण तथा उपचार कार्यक्रम सञ्चालन गरिनेछ।
२०. कृषि तथा साना उद्योग प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
२१. "आफुले खाने तरकारी आफैले उत्पादन गरौं" भन्ने अभियान सञ्चालन गरिनेछ र रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
२२. स्थानीय उत्पादन प्याकेजिङ तथा ब्रान्डिङ गरी बजारीकरण गर्न प्रोत्साहित गरिनेछ।
२३. नागरिकलाई दिगो आम्दानी श्रोतको बिकास गर्न तथा कृषि पेशाबाट आत्मनिर्भर बनाउनका लागि सङ्घसंस्थासँग साझेदारीमा कृषि कार्यक्रम सञ्चालन गरिनेछ।
२४. कृषि सम्बन्धी वितरणमुखी कार्यक्रमहरूलाई निरूत्साहित गर्दै लगिनेछ।

**ख. पशुपन्छी**

१. मासु पसललाई थप व्यवस्थित बनाउनका लागि मासु पसल निर्माण गरिनेछ।
२. व्यवस्थित मासु पसल सञ्चालन तथा व्यवसायीको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गरिनेछ।
३. व्यवसायिक बाख्रापालन पकेट क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रमा बिज्ञद्वारा परामर्श तालिम तथा औषधी वितरण गरिनेछ।
४. पशुपन्छीको महामारी नियन्त्रणका लागि कृषकहरूको घरदैलोमा गई खोप कार्यक्रमकृत् ,रिम गर्भाधान सेवा विस्तारमा जोड दिइनेछ। पशुपन्छीको उपचार गर्न विशेषज्ञ सहितको पशु घुम्ती शिविर सञ्चालन गरिनेछ।
५. कृत्रिम गर्भधानका लागि आवश्यक सामाग्री नगरपालिकाबाट उपलब्ध गराई गर्भाधानको लागी यातायात खर्च नगरपालिकाबाट निर्धारण गरिनेछ साथै नगर पशु अस्पतालमै आएमा नि:शुल्क गर्भाधानको व्यवस्था मिलाइनेछ।
६. लेटाङ नगरपालिका क्षेत्र भित्र स्थापना भएको पशु अस्पतालबाट गुणस्तरीय सेवा उपलब्ध गराइनेछ।
७. पशुपालनलाई प्रोत्साहन गर्नको लागि उन्नत जातका पशुहरूको नश्ल सुधार कार्यक्रम तथा पशु आहार सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
८. नगर पशु अस्पताललाई थप व्यवस्थित, सक्षम र प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक उपकरण तथा औषधी थप गरिनेछ।
९. पशु पन्छीमा आउने महामारीको नियन्त्रणका लागि भ्याक्सिनेशन कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।
१०. पशु बधशालाको निर्माणका लागि सङ्घ तथा प्रदेश सरकारसँग पहल गरिनेछ।
११. सामुदायिक कुकुर नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।
१२. कम लगानीमा छिटो आम्दानी हुने बङ्गुरपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ।
१३. नगरभित्रका माछा मासु पसललाई व्यवस्थित गरिदै लगिनेछ।
१४. पशु हाटबजारलाई व्यवस्थित गर्दै लगिनेछ।

१५. लम्फि स्किन तथा अन्य आकस्मिक महामारी रोगहरूको रोकथाम तथा नियन्त्रण गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

१६. पशुपालक कृषकहरूलाई उत्प्रेरित तथा प्रोत्साहित गर्न उत्कृष्ठ पशुपालक कृषक  तथा कृषक समूह पुरस्कारको व्यवस्था मिलाईनेछ।

१७. पशु औषधी, न्यापिड टेस्ट तथा किटको उचित व्यवस्थापन गरिनेछ।

१८. हरियो घाँस उत्पादनको लागी बहुबर्षीय घाँसको बीउ कृषकलाई सहयोगको व्यवस्था मिलाइनेछ।

१९. माछापालनको तथ्याङ्क अध्यावधिक गरिनेछ।

२०. पशुपन्छी विकासको क्षेत्रमा अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्न अनुसन्धान र बिकास कार्यक्रम सञ्चालन गरिनेछ साथै उक्त अभिलेख व्यवस्थित गरिनेछ।

२१. कृषि फर्महरू मध्येबाट नमुनाको रूपमा बाह्रै महिना वडाहरूमा हरियो घाँस प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ।

**ग. सिंचाई**

१. कृषियोग्य भूमिमा दिगो सिंचाई व्यवस्था गर्नका लागि चिसाङ, भुवा, तेली, मोरङी र लाख खोलाको पानीको मुहान संरक्षण र एकीकरण गरी स्थायी मुहान, कुलो, पैनी तथा नहर निर्माण गर्दै लगिनेछ।

२. सञ्चालनमा जिर्ण अवस्था रहेको कुलो, पैनी, नहरहरू मर्मत सम्भार गरी स्तरोन्नति गरिनेछ।

३. नगरपालिका क्षेत्रभित्रका सुख्खा क्षेत्रहरूमा उत्पादनलाई प्रवर्द्धन गर्नका लागि थोपा सिँचाई  कार्यक्रम सञ्चालन गरिनेछ।

४. नगरको दक्षिणी भागको खेतीयोग्य जमिनहरूमा डिप बोरिङ प्रणालीलाई सुधार गरिनेछ।

५. ठुला सिंचाई पूर्वाधार विकास गर्न सङ्घ, प्रदेश सरकारसँग समन्वय गरिनेछ।

६. सिपेज पानीको सम्भाव्यता अध्ययन गरिनेछ।

**घ. पर्यटन**

१. आगामी २ वर्ष भित्र पर्यटन क्षेत्र घोषणाको लागि पूर्वाधार विकास, प्रचारप्रसारलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

२. लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित जैविक विविधता तथा ऐतिहासिक महत्व भएको राजारानी पर्यटन क्षेत्रलाई पर्यटन क्षेत्र घोषणाको कार्य अघि बढाइनेछ।

३. पर्यटन विकास गुरूयोजनाका आधारमा पर्यटकीय क्षेत्र सम्भाव्यता अध्ययन गरिनेछ।

४. लेटाङ नगरको गौरवको आयोजनाको रूपमा अन्तरधार्मिक शान्ति पार्क निर्माण कार्यलाई तिब्रता दिइनेछ।

५. ऐतिहासिक, धार्मिक, पुरातात्विक क्षेत्रहरूको संरक्षण र सम्वर्द्धनमा बिशेष जोड दिइनेछ।

६. नगरको पहिचान बोकेका तथा पर्यटन गुरूयोजनाले प्राथमिकता तोकेको पर्यटन क्षेत्रहरूको प्रचार प्रसार तथा पुर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।

७. टुक्रे राष्ट्रिय वन क्षेत्रलाई पर्यापर्यटन सामुदायिक वन विकास गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ।

८. नगरलाई सफा सुन्दर र सुरक्षित बनाउन साथै नगरमा पर्यटकहरूलाई आकर्षित गर्न सडक तथा शहरी सौन्दर्यकरणको कार्यलाई निरन्तरता दिइनेछ।

९. पर्यटन क्षेत्रमा लगानी बृद्धि गर्न निजी क्षेत्रलाई समेत प्रोत्साहन गर्नका साथै सम्भावित पर्यटकिय क्षेत्रहरूमा गतिबिधिहरू सञ्चालन सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।

१०. पर्यटन प्रवर्द्धन गर्ने डकुमेन्ट्री निर्माण र अन्तरपालिका तथा अन्तरराष्ट्रिय भगिनी सम्बन्धलाई प्राथमिकता दिइनेछ।

## ङ. सहकारी तथा वित्तीय संस्था

१. सहकारी संस्थाहरूको नियमित र सघन अनुगमन गरी संस्था दर्ता तथा खारेजीको माध्यमबाट संस्थागत सुशासन कायम गर्ने नीति लिइनेछ।

२. समुदाय र सदस्यप्रति थप उत्तरदायी र जवाफदेही बनाउन सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्दै लगिनेछ।

३. अनौपचारिक रुपमा समूह बनाई वचत तथा ऋण कारोबार गर्ने समूह तथा व्यक्तिलाई दर्ताको प्रक्रियामा ल्याइनेछ। प्रक्रियामा नआएमा कार्वाहीलाई अगाडी बढाइनेछ।

४. सहकारीलाई सामाजिक उत्तरदायित्व सहित सदस्य केन्द्रित बनाउदैं सोको माध्यमबाट रोजगारी सिर्जना, गरिवी न्युनिकरण, उद्यमशीलता प्रवर्द्धन र सामुदायिक सशक्तीकरण गरिनेछ।

५. सहकारी तथा बैङ्किङ क्षेत्रहरूले सामाजिक उत्तरदायित्व अन्तर्गतको रकम परिचालन सम्बन्धी बार्षिक प्रतिवेदन तथा अनुगमनको व्यवस्था मिलाइनेछ।

६. सहकारी क्षेत्रको बचतलाई उद्यम विकास तथा रोजगारी सृजना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

७. नगरक्षेत्रभित्रका सहकारीहरूलाई प्रोत्साहन गर्न सहकारी दिवस पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

८. सहकारीको विकासमा सहकारीहरूसँग समन्वय गरी अगाडी बढाइनेछ।

९. सहकारी सम्बन्धी तथ्याङ्क अद्यावधिक गरी व्यवस्थापनमा प्रभावकारीता कायम गरिनेछ।

## च. उद्योग, श्रम तथा रोजगार

१. स्थानीय कच्चा पदार्थ, प्रविधि र सीपको संरक्षण र प्रवर्द्धन गर्न लघु तथा घरेलु उद्योग र परम्परागत सीपमा आधारित उद्योगहरूलाई प्राथमिकता दिइ प्रविधिमा सहयोग गरिनेछ।

२. नगर क्षेत्रभित्र स्थानीय उत्पादनलाई विविधिकरण र बजारीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

३. गरिबी निवारणका लागि आवश्यकताको आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम सञ्चालन गरिनेछ।

४. लघु, घरेलु तथा साना उधोगको संरक्षण तथा प्रवर्द्धन गरिनेछ। सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्न कम्तिमा ६ जनाको समूहमा प्रविधि हस्तान्तरण गरिनेछ। नयाँ लघु उद्यमी सिर्जना गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

५. लेटाङ नगरपालिका क्षेत्रभित्र रहेका श्रमिकहरूको लागि श्रमिक हित कोषलाई निरन्तरता प्रदान गरी श्रमिकहरूको सुरक्षा तथा संरक्षण गरिनेछ। श्रम डेस्क स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत उत्पादकत्व वृद्धि गर्ने, दिगोपना कायम हुने, स्थानीय श्रोत साधनको प्रयोग र परिचालन हुने खालका आयोजना तथा कार्यक्रम छनौट गरी रोजगारी प्रदान गरिनेछ।

७. रोजगार सेवा केन्द्र मार्फत बेरोजगार व्यक्तिहरूको अभिलेखीकरण र न्यूनतम रोजगारको प्रवन्ध गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

८. कृषि तथा पशुजन्य उत्पादनमा आधारित साना ठूला व्यवसायहरूलाई सीप तथा सञ्चालन अनुदान उपलब्ध गराइनेछ।

९. बैदेशिक रोजगारीमा जान इच्छुकहरूको श्रम स्विकृती र पुनः श्रम स्विकृतीको व्यवस्था मिलाइनेछ।

१०. बैदेशिक रोजगारीबाट फर्किएर उद्यम गरिरहेका उत्कृष्ट उद्यमीलाई पुरस्कृत गरिनेछ।

**खाद्य सुरक्षा**

१. विषादी नाप्ने यन्त्र खरिद गरी बिषादी जाँच गर्ने व्यवस्था मिलाइनेछ।

२. भोकमरीको अन्त्य र दिगो कृषि बिकासको लागि  कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३. अर्गानिक खेतिलाई प्रोत्साहन तथा जैविक विषादीहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

४. खाद्य तथा पौष्टिक तत्वहरूको सुरक्षा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५. नगरपालिका क्षेत्रभित्र  खाद्यान्नको माग र आपूर्तिलाई सन्तुलन कायम गरिनेछ।

**२. सामाजिक विकास**

**क. शिक्षा**

१. गुणस्तरीय शिक्षाका लागि शैक्षिक प्रशासन, विद्यालयहरूको भौतिक पूर्वाधार, शैक्षिक क्रियाकलाप र उपलव्धि सुधारका क्रियाकलापहरू सञ्चालन गरिनेछ।

२. नजिकको विद्यालयहरू मर्ज तथा व्यवस्थापन गर्दै शिक्षक तथा भौतिक पूर्वाधारको अधिकतम उपयोग गर्ने व्यवस्था मिलाईनेछ।

३. विद्यालय सुपरीवेक्षण, अनुगमन र निरीक्षण प्रणालीलाई सुधार गर्दै शिक्षक सहायता, पुरस्कार र दण्डको व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

४. शैक्षिक प्रशासनलाई थप चुस्त बनाउन, प्रधानाध्यापकलाई विद्यालय र शैक्षिक क्रियाकलाप प्रति जवाफदेही बनाउन तथा शैक्षिक गुणस्तर कायम गर्न सामुदायिक विद्यालयहरूमा खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापकको छनौट प्रक्रियालाई निरन्तरता दिइनेछ।

५. शिक्षकहरूलाई आफ्नो पेशागत हकहितका सङ्घसंस्थाहरू बाहेक अन्य सङ्घसंस्थाको जिम्मेवारीबाट अलग गरिनेछ।

६. सामुदायिक विद्यालयहरूलाई विद्यार्थी र अभिभावकको पहिलो रोजाइको रूपमा विकास गर्न सिकाइ क्रियाकलाप, व्यवस्थापन, मूल्याङ्कन प्रणाली र विद्यालय सुशासनमा सुधार गर्दै संस्थागत दक्षता Efficiency बढाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७. सबै प्रकारका विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रणालीलाई वस्तुगत, सहभागितामूलक, परीक्षणमूलक र निरन्तर क्रियाकलापको रूपमा उपयोग गरी सिकाइका लागि मूल्याङ्कनलाई उपयोग गरिनेछ।

८. शैक्षिक संस्थाहरूलाई आन्तरिक सक्षमता, गुणस्तर एवम् उच्च कार्य सम्पादनका आधारमा प्रोत्साहन गरिनेछ।

९. विद्यालयको व्यवस्थापन र पूर्वाधार सुधार गरी प्रविधिमैत्री, अपाङ्गतामैत्री, बालमैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

१०. शैक्षिक क्रियाकलापमा विविधता ल्याउन विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

११. विद्यालयमा स्वास्थ्य, पोषण तथा सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाउन समुदाय, स्वयंसेवी संस्था, बालक्लव र गैर सरकारी सस्थाहरू समेतलाई परिचालन गरिनेछ।

१२. विद्यालयमा बालवालिकाको स्वास्थ्यलाई नकरात्मक असर गर्ने खाजा तथा खाना निषेध गर्ने तथा स्थानीय उत्पादन प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिनइनेछ।

१३. गरीब तथा जेहेन्दार विद्यार्थीहरूलाई माध्यमिक शिक्षा (कक्षा ११-१२), प्राविधिक तथा विज्ञान बिषय र उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१४. शिक्षामा समतामूलक व्यवस्था गर्न न्याय स्थापीत गर्न छात्रासँग उपमेयर कार्यक्रम तथा बालिका शिक्षा बचत कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५. शान्ति भगवति माध्यमिक विद्यालयमा निर्माण भएको पूर्वाधार छात्राबासको रूपमा उपयोग गर्न सुरू गरिनेछ।

१६. विद्यालयमा सिकाइ सामग्री, प्रयोगशाला विकास, सूचना प्रविधि प्रयोगशाला, पुस्तकालय, विषयगत तालिमहरू सञ्चालन गरी सिकाइ सुधारलाई निरन्तरता दिइनेछ।

१७. नेपाल सरकारले घोषणा गरेको कार्यक्रमहरू सञ्चालन गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१८. नगरिकलाई कानुनी सचेतना वृद्धि गर्न विद्यालय तह देखि आधारभूत कानूनी शिक्षालाई समावेश गर्दै लगिनेछ।

१९. नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरूलाई मापदण्ड पूरा भएको आधारमा स्तरोन्नति गरिनेछ।

२०. आमाबावु विहीन टुहुरा बालवालिकाहरूको संरक्षकत्व तथा अभिभावकत्व ग्रहण गरी कक्षा १२ सम्म निःशुल्क शिक्षा दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१. स्वस्थ्य शैक्षिक वातावरण, शैक्षिक व्यवस्थापन र सुशानमा गुणात्मक सुधार गरी शिक्षा क्षेत्रको गुणात्मक सुधार गरिनेछ।

२२. लेटाङ क्याम्पस लगायतको शिक्षण संस्थालाई संस्थागत सुदृढीकरण गरी विद्यार्थीको विषय छनौटको आधारमा प्राविधिक विषयहरू थप गरी आत्मनिर्भर बनाउदै लगिनेछ। MOU गरी दिने संस्थागत अनुदानलाई निरन्तरता दिइनेछ।

२३. बिद्यालय बाहिर रहेका बालबालिकालाई बिद्यालय भर्नाको व्यवस्था मिलाईनेछ।

२४. संस्थागत बिद्यालयहरूले छात्रवृति लगायत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका कामहरूको नियमित प्रतिवेदन र अनुगमनको व्यवस्था मिलाइनेछ।

२५. जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरूको आफ्नो सन्ततिहरूलाई सामुदायिक विद्यालयमा पढाउनका लागि प्रोत्साहन गरिनेछ।

२६. दरबन्दी अभाव रहेको बिद्यालयहरूमा स्वयम सेवक शिक्षकको व्यवस्था मिलाइनेछ।

**ख. स्वास्थ्य**

१. आधारभूत स्वास्थ्य सेवामा समतामूलक पहुँच कायम गर्न आवश्यक आर्थिक, वित्तीय, भौतिक, मानव संसाधन, सेवा प्रवाह सूचना प्रणाली र गुणस्तरीय सेवा सुनिश्चित गर्ने नियमन एवम् व्यवस्थापकीय पक्षमा सुधार गरिनेछ।

२. स्वास्थ्य प्रतिको आम धारणामा सुधार गरी शारीरिक, मानसिक, सामाजिक, वातावरणीय, संवेगात्मक तथा आत्मिकपक्षको स्वस्थ्यता हासिल गर्न सम्बन्धित सबै क्षेत्रहरू सरोकारवाला सँग सहकार्य गरी नगरवासीलाई स्वास्थ्य प्रति सम्वेदनशील तथा जिम्मेवार बनाउने नीति लिइनेछ।

३. स्वास्थ्य समस्याका रूपमा रहेका संक्रामक रोगहरू, नसर्ने तथा दीर्घ रोगहरू, विपद, दुर्घटना तथा पोषणजन्य समस्याहरूबाट हुनसक्ने स्वास्थ्य सङ्कटको सामना गर्न आवश्यक योजना तथा संयन्त्रको विकास र परिचालन गरी उत्थानशीलता अभिवृद्धि गरिनेछ।

४. स्वास्थ्य प्रणाली तथा सेवाका लक्ष्यहरू हासिल गर्न सेवा प्रदायक संस्था पदाधिकारी एवम् महिला स्वास्थ्य स्वयंसेविकाहरूको जवाफदेहीता अभिवृद्धि र प्रविधि प्रयोगमा निपुणता ल्याउन क्षमता विकास र उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइनेछ। सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका अवकाश हुँदा नगद सहित सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

५. आधारभूत स्वास्थ्य सेवालाई सबै स्वास्थ्य संस्थाहरूमा विस्तार गर्दै स्वास्थ्य सेवा सुधार गर्न सङ्घ, प्रदेश र अन्य निकायहरूसँग प्रभावकारी समन्वय गरिनेछ।

६. स्वास्थ्य सूचना प्रणाली, सर्भिलेन्स, जनस्वास्थ्य निगरानी, फर्माको भिजिलेन्स, उपभोक्ता स्वास्थ्य जस्ता जनस्वास्थ्यका नवीन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७. नगरवासीहरूको स्वास्थ्य प्रवर्द्धनका लागि विशेषज्ञ सहितको जनस्वास्थ्य स्क्रिनिङ्ग अभियान, स्वास्थ्य शिविर, जटिल र दीर्घ रोगी बिपन्न नागरिक उपचार खर्च सहयोग, सामाजिक सुरक्षा तथा स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. विपन्न तथा लक्षित समूह स्वास्थ्य विमालाई प्राथमिकताका साथ सञ्चालन गरी नियमित रुपमा बिमाका लागि वचत गर्न आम नगरवासीहरूलाई प्रोत्साहन गरिनेछ।

९. बाल स्वास्थ्य, परिवार स्वास्थ्य, रोग निदान नियन्त्रण तथा अत्यावश्यक औषधी उपचारको पहुँचमा जोड दिदैं स्वस्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड सुनिश्चित गरिनेछ।

१०. पूर्ण खोप सुनिश्चितता र दिगोपना, वाल वचाउ, अपाङ्गता न्यूनीकरण, खोप, पोषण तथा विरामी व्यवस्थापन कार्यक्रमहरूलाई एकीकृत रुपमा सञ्चालन गर्न सुरू गरिनेछ।

११. लेटाङ नगर अस्पतालबाट प्रदान गरिने सेवा विस्तार गर्दै गुणात्मक सेवा सञ्चालन प्रभावकारी बनाउन थप सुधार गरिनेछ।

१२. लेटाङ नगरपालिका क्षेत्रभित्रका कर्मचारी, शिक्षक, जनप्रतिनिधि र उनीहरूका परिवार तथा आम नगरवासीहरूलाई लेटाङ अस्पतालमा उपचार गर्न प्रोत्साहित गरिनेछ।

१३. स्वास्थ्यका लागि वहुक्षेत्रीय पोषण, मातृ तथा नवशिशु स्वास्थ्य सुधार, ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्ययक्रम, परिवार योजना, प्रजनन रुग्णता कार्यक्रम, रोग नियन्त्रण सेवाहरूलाई सुधार गरिनेछ।

१४. प्रेषण संयन्त्र विकास गरी लेटाङ अस्पताललाई प्रेषक केन्द्रको रुपमा विकास गरिनेछ र विपन्न महिलाहरूलाई प्रजनन स्वास्थ्यका लागि थप उपचारमा सहजीकरण गरिनेछ।

१५. नागरिक आरोग्य केन्द्र सञ्चालन, योग, ध्यान, आयुर्वेद उपचार पध्दतिलाई प्राथमिकता दिई आरोग्यता तथा स्वास्थ्य प्रवर्धनका कृयाकलापहरू सञ्चालन गरिनेछ।

१६. समुदायमा आधारित नसर्ने रोग नियन्त्रण कार्यक्रम (मधुमेह र उच्च रक्तचापको जाँच तथा लेखाजोखा) लाई आवश्यक सुधार गरी निरन्तरता दिइनेछ।

१७. जङ्गली जनवार तथा कुकुरको टोकाई एवम् सर्पदंश उपचार सेवाको सुदृढिकरण तथा सञ्चालनको लागि आवश्यक समन्वय गरी प्रभावकारी बनाइनेछ।

१८. आङ खस्ने रोग लागेका विपन्न महिलाहरूलाई उपचारको लागि सिविर सञ्चालन तथा प्रेषण गरी उपचारमा आर्थिक सहयोग गर्ने व्यवस्था गरिनेछ।

१९. आकस्मिक स्वास्थ्य संकट तथा विपद्को सामना गर्ने संयन्त्रको व्यवस्था गरी विपद् सामनाको तयारी गरिनेछ।

२०. ल्याब नभएका स्वास्थ्य संस्थाहरूमा क्रमशः ल्याब स्थापना गर्दै लगिनेछ।

२१. मापदण्ड अनुसार भवन नभएको जाँते स्वास्थ्य चौकी तथा सहरी स्वास्थ्य केन्द्र ज्यामिरे तथा बाह्य खोप केन्द्र भवन निर्माण कार्यका लागि आवश्यक पहल गरिनेछ।

२२. पोषण सम्बन्धि कृयाकलापहरू नगरभरी नै गर्भवती तथा सुनौला १००० दिनका आमाहरू लक्षित गरी एकीकृत रूपमा सञ्चालन गरिनेछ।

२३. निःशुल्क विमा गर्दा अपाङ्गताको परिचयपत्रवाहकको परिवारलाई प्राथमिकता दिने व्यवस्था मिलाइनेछ।

२४. संस्थागत प्रसुतिलाई प्रवर्द्धन गर्न लेटाङ अस्पतालको ग्रामीण आमा सुरक्षा कार्यक्रम लिनलाई प्रोत्साहित गरिनेछ।

**ग. युवा तथा खेलकुद**

१. युवाहरू मार्फत स्वयंसेवक परिचालन, खेलकुद प्रतियोगितामा सहभागी र शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछ। युवाहरूलाई टोल विकास र श्रमदानका कार्यमा परिचालन हुन प्रेरित गरिनेछ।

२. युवाहरूलाई प्रतिस्पर्धी बनाउन लोक सेवा आयोग, शिक्षक सेवा आयोग लगायत प्रतियोगितात्मक परीक्षा तयारी कक्षा सञ्चालन गरिनेछ।

३. नेपाल स्काउट लगायत स्वंयसेवी संस्थामार्फत दुर्व्यसनी नियन्त्रण र युवा सशक्तीकरणका लागि युवा परिचालन गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४. युवा वर्गलाई सचेत, सक्षम र दुर्व्यसन मुक्त बनाउन लागुऔषध दुर्व्यसन विरूद्ध सचेतना तथा नियन्त्रण सम्बन्धि विद्यालय तथा समुदायस्तरमा विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५. युवाहरूका लागि प्राविधिक तथा व्यवसायिक सीप विकासमा पहुँच, गुणस्तर सुधार र सीप परीक्षण सम्बन्धी सचेतना र सहजीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६. नगरको खेल मैदानहरूको संरक्षण, स्तरोन्नती गरी खेलकुदको विकास गर्दै लगिनेछ। तथा अन्तर्राष्ट्रिय खेलाडी र अन्तरपालिका स्तरीय खेलका बिजेता खेलाडीलाई पुरस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

७. खेलकुदलाई व्यवसायिक युवा खेलाडी विकास, स्वस्थ जीवन प्रवर्द्धन र मनोरञ्जनमा योगदान गर्ने उद्देश्यका आधारमा प्राथमिकता तोकी प्रतियोगिताहरू सञ्चालन गरिनेछ।

८. नगर भित्रको वडास्तरसम्म सञ्चालन हुने सबै खेलकुद प्रतियोगिताहरू नगर खेलकुद विकास समितिले तयार गरेको कार्यतालिका अनुसार खेल महोत्सव सञ्चालन गरिनेछ।

९. खेलकुद क्षेत्रमा विकास गर्नका लागि खेलकुद प्रशिक्षकको व्यवस्था गरी खेल प्रशिक्षण प्रदान गरिनेछ।

**घ. भाषा संस्कृति**

१. नगरका जातजाती, भाषा, संस्कृति, कला, साहित्य लगायतका विशिष्ट पहिचान दिने संस्कृतिहरूको पहिचान, संरक्षण र संवर्द्धन गर्न अन्तर सांस्कृतिक संग्रहालय निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२. लेटाङ नगरक्षेत्रमा रहेका धार्मिक र सांस्कृतिक आस्थाका केन्द्रहरूको संरक्षण गर्न समन्वयकारी भूमिका निर्वाह गरिनेछ। स्थानीय संस्कृति संरक्षण र सांस्कृतिक सहिष्णुताको वातावरण कायम राख्न विविधता व्यवस्थापन गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३. लेटाङ नगरपालिकालाई लैङ्गिक, भाषिक, सांस्कृतिक, जातीय भेदभावमुक्त नगरपालिका बनाउन सहयोगी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

४. लेटाङ नगरपालिकामा हुने मेला महोत्सवमा स्थानीय संस्कृति तथा रहनसहन झल्किने क्रियाकलापहरूलाई प्रोत्साहन गर्न प्रेरित गरिनेछ।

५. स्थानीय पाठ्यक्रममा मातृभाषाको पठन पाठनको संभावनालाई अध्ययन गरी विषयहरू थप गरिनेछ।

६. नगरपालिकाको एतिहासिक स्थलहरूको प्रवर्धन, विकास र सांस्कृतिक धार्मिक मेला महोत्सवहरूको सञ्चालनमा सहयोग प्रदान गरिनेछ।

७. सिरिजङ्गा लिपिमा पठन पाठन थालिएको लिम्बु भाषा पठन पाठनलाई थप व्यवस्थित गरिनेछ।

**ङ. खानेपानी तथा सरसफाई**

१. नगरवासीहरूलाई स्वच्छ खानेपानीको दीगो व्यवस्थापन गर्न नयाँ खानेपानी आयोजनाहरूको निमार्ण र सञ्चालनमा आएका आयोजनाहरूको मुहान संरक्षण, नियमित मर्मत संभार गरी उपभोक्ताको पहुँच वृद्धि गर्ने व्यवस्था मिलाईनेछ।

२. नगरपालिका भित्रका सवै खानेपानीका मुहान वडास्तरमा सुचिकृत गरिनेछ।

३. "लेटाङको खानेपानीको आधारः चुरेको जलाधार" भन्ने मुल नारा सहित नगर भित्रका सबै खानेपानी मुहानको संरक्षण गर्दै लगिनेछ।

४. नगरबासीमा शुद्ध खानेपानीको लागि गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाउदै लगिनेछ।

५. खानेपानीको मूहान संरक्षण गर्न मापदण्डहरू निर्माण गरी मापदण्ड बमोजिम मुहान संरक्षण कार्यलाई अघि बढाईनेछ।

७. वन क्षेत्रको समाधिस्थलको व्यवस्थापन गर्न सामुदायिक वन, सव डिभिजन वन कार्यालय तथा सरोकारवालाहरूसँग समन्वय गरी समाधिस्थलको उचित व्यवस्थापन गरिनेछ।

**च. महिला बालबालिका तथा जेष्ठ नागरिक**

१. महिलाहरूलाई स्रोत, साधन, अवसर तथा लाभमा समान पहुँच सुनिश्चित गर्न जोड दिइनेछ।

२. लैङ्गिक हिंसापिडित तथा जुनसुकै हिंसा प्रभावित व्यक्तिका लागि लैङ्गिक हिंसा निवारण कोष सहायता र मनोसामाजिक परामर्श सेवा गुणस्तरीय बनाइनेछ।

३. लागुपदार्थ दुर्व्यसनी नियन्त्रण सम्बन्धमा दुर्व्यसनी बिरूद्व आमाहरू कार्यक्रम सञ्चालन गरिनेछ।

४. जेष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाउनका लागि जेष्ठ नागरिकहरू बिच अनुभव आदान प्रदान गर्ने कार्य सन्चालन गरिनेछ।

५. जेष्ठ नागरिकहरू दिवा भेला केन्द्रहरू सञ्चालन गर्न सहयोग गरिनेछ।

६. नगरस्तरीय वृद्धाश्रम निर्माणका लागि पूर्वाधार निर्माण गर्ने सङ्घ र प्रदेश सरकारसँग पहल गरिनेछ।

७. अपाङ्गता भएका व्यक्ति र परिवारको क्षमता विकासका लागि तालिम र सहायताका कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ।

८. सार्वजनिक स्थलहरू अपाङ्गतामैत्री बनाउदै लगिनेछ। गुणस्तरिय अपाङ्गता सहायक सामग्री वितरणलाई निरन्तरता दिइनेछ।

९. बालबालिका र किशोरकिशोरी हिंसा तथा जोखिम न्युनिकरणका लागि जीवनोपयोगी शिक्षा एवं सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०. सबै प्रकारको हिंसामा सुन्य सहनशीलताको नीति लिइनेछ।

११. बालविवाह मुक्त नगरपालिका घोषणाका लागि आवस्यक तयारीका कार्यहरू सञ्चालन गरिनेछ।

१२. सामाजिक न्यायको हक कार्यान्वयनमा नगरको श्रोत साधनलाई न्यायोचित वितरणको व्यवस्था गरिनेछ।

१३. बालबालिकाको हकअधिकार सुनिश्चित गर्न पूर्वाधार तयार गरी बालमैत्री स्थानीय शासन प्रवर्धनको कार्य सञ्चालन गरिनेछ।

**छ. सामाजिक सुरक्षा**

१. वृद्धवृद्धा, अशक्त, अपाङ्गता, कडा रोगले पीडित भएका मानिसहरूलाई सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रम मार्फत आवश्यक सहयोग गरिनेछ।

२. बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी बनाउन निरन्तर सहजीकरण गरिनेछ।

३. बैङ्कको पहुँच नभएको दुर्गम क्षेत्रका वडाहरूमा वडामै बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाईनेछ।

४. व्यक्तिगत घटना दर्तालाई सहज बनाउन थप कार्यक्रम सञ्चालन गरिनेछ। सामाजिक सुरक्षा भत्ता नवीकरणलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गर्न सहजीकरण गरिनेछ।

५. सामाजिक सुरक्षा, संरक्षण, सशक्तिकरण एवम् समतामूलक न्याय मार्फत सामाजिक न्याय प्रवर्द्धन हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६. विपद्बाट प्रभावित व्यक्ति, परिवारको सामाजिक सुरक्षा र संरक्षण तथा पुर्नस्थापनाको लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**ज. लक्षित बर्ग**

१. विपन्न नागरिक र लक्षित वर्गका मानिसहरूको जीवनस्तर सुधार गर्न सहयोगी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२. लक्षित बर्गका लागि स्थानीय गरिबी निवारण कोषको स्थापना गरी गरिबसँग मेयर कार्यक्रम सञ्चालन गरिनेछ।

३. आदिवासी जनजाति तथा समुदायको पहिचान उत्थान र हकहितका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४. लक्षित वर्गको उत्थान र सशक्तीकरण गरी उक्त वर्गको सीप र क्षमता एवम् उद्यमशिलता विकास हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## ३. पूर्वाधार विकास

### क) यातायात पुर्वाधार

१. चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकेका अधुरा आयोजना, बहुवर्षीय कार्यक्रम तथा आयोजनाहरूलाई बजेट सुनिश्चित गरी अन्य आयोजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ।

२. सडक कालोपत्रे, पुल, सार्वजनिक भवन, बक्स कल्भर्ट निर्माण कार्य अनिवार्य टेण्डर प्रक्रियाबाट सञ्चालन गरिनेछ।

३. टेण्डर प्रक्रियाबाट सञ्चालन हुने १० लाख भन्दा माथिका आयोजनाहरूको E-Bidding मार्फत बोलपत्र आह्वान गरिनेछ।

४. नगरपालिकाभित्र ठूला आयोजना लगायत अन्य प्रयोजनमा समेत प्रयोग गरिने ह्यभी इक्युपमेण्ट अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत हुने व्यवस्था मिलाइनेछ।

५. वडा सेवा केन्द्रदेखि नगरपालिकाको केन्द्रसम्म बाह्रै महिना आवातजावत गर्न सक्ने गरी सडक सञ्जाललाई दिगो र भरपर्दो बनाउदै लगिनेछ। सडकको दिगोपना कायम गर्न कच्ची सडकको दायाँबायाँ ड्रेन बनाइ सडक स्तरोन्नति गर्दै लगिनेछ।

६. नगर यातायात गुरूयोजनामा उल्लेख नभएका स्थानहरूमा नयाँ ट्र्याक नखोल्ने नीति लिइनेछ।

७. निर्माण हुन बाँकी वडा कार्यालयहरूको भवन क्रमश: निर्माण गरी सेवाग्राहीमैत्री बनाइनेछ। साथै नगरपालिकाको भवन निर्माणको लागि जग्गा व्यवस्थापन गरी नयाँ प्रशासकीय भवन निर्माण गर्ने प्रक्रिया अगाडि बढाइनेछ।

८. पूर्वाधारका योजनाहरू सञ्चालन गर्दा पुर्वाधारको दिगोपना र वातावरण संरक्षणलाई जोड दिइनेछ।

९. नगर तथा वडास्तरीय ठूला पूर्वाधारका आयोजनाहरूमा केन्द्र र प्रदेश सरकारसँग साझेदारीमा समपुरक कोष राखी कार्यान्वयन गर्ने नीति लिइनेछ।

१०. नगर यातायात गुरूयोजनाको प्राथमिकीकरणको आधारमा यातायात पूर्वाधारको क्रमश: बिकास गर्दै लगिनेछ।

११. नगरपालिकाबाट उपभोक्ता तथा टोलविकास मार्फत सञ्चालन भएका ५ लाख भन्दा माथिका सडक निर्माण कार्यक्रमको भुक्तानी हुँदा भुक्तानी रकमको २ प्रतिशत अनिवार्य रुपमा मर्मत सम्भार कोषमा जम्मा गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

१२. मङ्गलबारे हाटबजार लेटाङ - ८ जाँते र बुधबारे हाटबजार लेटाङ - २ लाई स्तरउन्नति गर्दै लगिनेछ।

१३. वार्षिक खरीद योजना तथा योजना कार्यान्वयन कार्ययोजना बनाई सोही आधारमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ। उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना पौष मसान्त भित्र सम्झौता गरिनेछ। पौष मसान्तभित्र सम्झौता हुन नसकेका आयोजना कटौती गरिनेछ। टेण्डर प्रक्रियाबाट सञ्चालन हुने आयोजना कार्तिक मसान्त भित्र E-Bidding मार्फत बोलपत्र/शिलबन्दी दरभाउपत्र आह्वान गरी सक्ने व्यवस्था मिलाइनेछ।

१४. वडाबाट सञ्चालन हुने तर उपभोक्ता समिति र टोल विकास संस्थाबाट सम्पन्न गर्न नसकिने योजनाहरू कात्तिक मसान्तसम्म यकिन गरी नगरपालिकाबाट ठेक्का प्रक्रियाबाट सञ्चालन गरिनेछ।

१५. समयमै काम नगर्ने निर्माण ब्यवसायीलाई कारवाही गरी कालो सूचीमा राख्ने प्रक्रियालाई निरन्तरता दिइनेछ। समयमै कार्य सम्पन्न गर्नेहरूलाई प्रोत्साहन गरिनेछ।

१६. सडक निर्माण सम्बन्धी कार्य सञ्चालन गर्नु पूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया सुनिश्चित गरिनेछ।

१७. सडक कालोपत्रे गर्दा Asphalt Concrete गर्ने नीतिलाई निरन्तरता दिइनेछ। कालोपत्रे कार्य गर्दा ४० एमएम भन्दा तल नहुने नीतिलाई निरन्तरता दिइनेछ।

१८. सार्वजनिक निकाय र संघसंस्थाहरूलाई भवन निर्माणको योजना छनौट गर्दा जग्गाको सुनिश्चितता, भवनको नक्सा, लागत अनुमान, डिपिआर र लाभ तथा उपयोगिता बिश्लेषण तयारीलाई अनिवार्य पूर्वसर्तको रूपमा लिने नीति लिइनेछ।

१९. धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक स्थलहरूको भौतिक निर्माणमा स्थानीय निर्माण सामग्री र सीपलाई प्रोत्साहन गरिनेछ।

२०. नगर यातायात गुरुयोजनालाई लागु गरी नगरपालिकाबाट निर्माण हुने शाखा सडकहरूको चौडाई कम्तिमा ६ मिटर राख्ने व्यवस्था मिलाईनेछ।

२१. टोल बिकास संस्था मार्फत समेत योजना सञ्चालन गर्ने कार्य अगाडी बढाइनेछ।

२२. उपभोक्ता समिति/संस्था/टोलविकास संस्थाद्वारा सञ्चालन हुने योजनाहरूमा हेभी इक्युपमेन्टको प्रयोग प्राविधिकको सिफारिस बमोजिम प्रयोग गर्नुपर्ने आवश्यक भएमा प्रयोग गर्न सकिनेछ।

२३. वस्ती विकास तथा सुधार कार्यक्रमहरू क्रमश: लागु गरिनेछ।

२४. यस अघि डिपिआर भइसकेका योजनाहरूमा क्रमश: बजेट बिनियोजन गरी कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ।

२५. नगरपालिकाबाट सामग्री प्रदान गरी निर्माण गर्ने कार्यमा कम्तिमा २०% जनसहभागिता जुट्ने अवस्थामा नगद लागत सहभागिता अनिवार्य नहुने तर जनसहभागिता अनिवार्य गर्ने व्यवस्था गरिनेछ।

२६. नगरपालिकाले अमानतबाट कार्य गराउँदा सूचीकृत बेरोजगारलाई प्राथमिकता दिइनेछ।

२७. **"एक वडा एक नगरको गौरवको योजना"** धेरैलाई लाभ पुग्ने, दिगो उच्च प्रतिफल प्राप्त गर्न सक्ने गरी सबै वडाहरूमा सञ्चालन गरिनेछ।

२८. नगरभित्रमा Built Up क्षेत्रमा ६ मिटरभन्दा कम चौडाइका सडक बाटोहरूमा इन्टरलक (पेबल) वा आरसीसी ढलान गरिनेछ।

२९. सडक निर्माण गर्दा ढल निकासको व्यवस्था अनिवार्य गरिनेछ।

३०. नगरका सडकहरूमा क्रमश: Road Marking, Traffic Signal र Road Furnishing को कार्य अगाडी बढाइनेछ।

## ख) बिद्युत तथा बैकल्पिक उर्जा

१. **"उज्यालो लेटाङ नगरको पहिचान"** भन्ने नाराका साथ राजमार्ग तथा मुख्य सडक, पुल र सार्वजनिक स्थलहरूमा सडक बत्ती क्रमश: जडान गरिनेछ।

२. बैकल्पिक उर्जाको प्रयोगलाई प्रवर्द्धन गरिनेछ।

३. नगरको सुन्दरता र सुरक्षालाई मध्यनगर गर्दै बिद्युत पोलमा झुन्डाइएका अनावश्यक तारहरूको सरोकारवालाहरूसँगको उचित समन्वयमा व्यवस्थापन गरिनेछ।

४. विद्युत पहँच नपुगेको ठाउँहरूमा क्रमश: बिद्युत बिस्तारका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## ग) लागत सहभागिता सम्बन्धी नीति

१. जटिल प्रकृतिका र हेभी इक्युपमेन्ट प्रयोग हुने आयोजनाहरू उपभोक्ता समितिबाट सञ्चालन गरिनेछैन। **श्रममुलक आयोजना मात्र उपभोक्ता समितिबाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।**

२. स्वास्थ्य संस्थाहरूको भवन, बिद्यालय भवन तथा बिपद् व्यवस्थापन (तटबन्धन, पहिरो तथा नदी नियन्त्रण) कार्यहरूमा नगद लागत सहभागिता अनिवार्य गरिनेछैन। यसवाहेक उपभोक्ता समिति वा टोल विकास संस्थाबाट सञ्चालन हुने योजनामा अनिवार्य कम्तिमा दश प्रतिशत नगद लागत सहभागिताको व्यवस्थालाई निरन्तरता दिइनेछ।

३. कुलो, पैनी तटबन्धन, पहिरो नियन्त्रण गर्ने कार्यमा २०% श्रम सहभागिता गराई काम गराउने नीति लिइनेछ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन र वस्ती नभएको क्षेत्रमा हुने पूर्वाधार निर्माण आयोजनामा नगद तथा श्रम सहभागिता अनिवार्य गरिनेछैन।

## घ) भवन, आवास, घर नक्सा तथा बस्ती विकास सम्बन्धी

१. व्यक्तिगत तथा सामुदायिक भवन र अन्य सार्वजनिक स्थलहरू निर्माण गर्दा भुकम्पीय सुरक्षायुक्त संरचना निर्माण गरी सम्भावित जोखिमलाई कम गर्दै लगिनेछ।

२. नगर क्षेत्रभित्रका सूचीकृत डकर्मीहरूको क्षमता अभिवृद्धिको लागि सिप विकास तालिम सञ्चालन गरी भवन निर्माण गर्दा तालिम प्राप्त डकर्मीबाट मात्र भवन निर्माण कार्य गर्ने पद्धतीको विकास गर्दै लगिनेछ।

३. नगरपालिका क्षेत्र भित्र अनिवार्य रुपमा घरनक्सा पास नगरी घर निर्माण गर्ने कार्यलाई दण्डित गरिनेछ।

४. सार्वजनिक भवन निर्माण गर्दा अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री हुने गरी निर्माण गरिनेछ।

५. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी व्यवस्थापनको लागि सम्वन्धित निकायसँगको समन्वयमा अगाडी बढाइनेछ।

६. भूउपयोगको योजना- कार्यान्वयन गरी भूमिको वर्गीकरणलाई पारदर्शी र यथार्थपरक बनाइनेछ।

७. स्थानीय भवन निर्माण मापदण्ड अध्यावधिक गरी कडाइका साथ लागु गरिनेछ।

८. लेटाङ नगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्दा सूचिकृत साना व्यवसायीहरूलाई मात्र उपयोग गरिनेछ।

९. नगरपालिका भित्रका व्यवसायिक क्षेत्रमा निर्माण हुने व्यवसायिक भवनहरूमा बेसमेन्ट पार्किङ अनिवार्य गरिनेछ। साथै उक्त प्रयोजनमा ल्याउनेलाई पार्किङ क्षेत्रको संरचनाको राजश्व छुट गरिनेछ।

१०. नयाँ निर्माण सम्पन्न घरधनीलाई २ बोट विरूवा रोप्न प्रोत्साहन गरिनेछ।

## ४. वन तथा वातावरण

## क. वन वातावरण संरक्षण तथा जलवायु

१. स्थानीय श्रोत नदिजन्य पदार्थको उत्खनन, संरक्षण र दीगो उपयोगका लागि वातावरणीय प्रभाव परीक्षण (IEE) गर्ने व्यवस्था मिलाई सो प्रतिवेदन बमोजिम कार्य गरिनेछ।

२. जलवायु परिवतर्न न्यूनीकरण र अनुकूलन सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३. नगरपालिका भित्र करिब ६० वन क्षेत्र रहेकोले वन क्षेत्रलाई प्रभावकारी रुपमा उपयोग गरी % रोजगारी र आयआर्जनमा वृद्धि गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रम पहिचान गरी सञ्चालन गरिनेछ।

४. वातावरणलाई स्वच्छ र सरसफाईयुक्त बनाउन स्थानीय वातावरण संरक्षण नीति निर्माण गरी कार्यान्वयन गरिनेछ। फोहोर व्यवस्थापनका लागि श्रोतमै कम गर्न Reduce, Re-use, Recycle को नीति लिइ गुरुयोजना निर्माण गरिनेछ। निजी सरकारी साझेदारीमा फोहोरको व्यवस्थापन गरिनेछ।

५. वन संरक्षण तथा दिगो विकासका लागि सामुदायिक वन उपभोक्ता समूह र वडा कार्यालयको समन्वय र सहकार्यमा वन संरक्षण, व्यवस्थापन तथा दिगो विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६. सालक लगायत लोपउन्मुख जिवजन्तुको कार्यबिधी बनाई संरक्षण गरिनेछ।

७. वातावरणको क्षेत्रमा बिभिन्न सहयोगी निकायहरूसँग साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८. जलवायु परिवर्तनको असर कम गर्न जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। नगरबासीलाई नविकरणीय तथा बैकल्पिक उर्जाको प्रयोग गर्न उत्साहित गरिनेछ।

९. हरित नगरको अवधारणालाइ अवलम्बन गर्दै सडकको किनाराहरूमा विशेष किसिमका वनस्पति लगाइनेछ। सडक र शहरको सौन्दर्यकरण गर्ने किसिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०. वन संरक्षण तथा दिगो बिकासका लागि सामुदायिक वन र नगरको सहकार्यमा कामहरू गर्दै गरिबि निवारण र रोजगारीको श्रृजनामा सामुदायिक वनको भूमिकालाई प्रभावकारी बनाइनेछ।

११. बाँझो, पर्ती जग्गा खोला किनारहरूमा अभियानको रूपमा बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

१२. सामुदायिक वनहरूलाई संरक्षण सम्वर्द्धन गर्दै उनीहरूको संस्थागत सुशासन बृद्धि गर्न सहयोग गरिनेछ।

१३. बातावरणमा नकारात्मक असर पर्ने वस्तुहरूमा क्रमशः प्रतिवन्ध लगाइनेछ। प्लाष्टिक झोलाको प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै लगिनेछ।

१४. अम्लिसो तथा तेजपत्ता जस्ता उपयोगी वस्तुहरूको उत्पादन क्षेत्र पहिचान गरी उत्पादन र उपयोगितामा बृद्धि गरिनेछ।

**ख. नदी नियन्त्रण तथा भू–संरक्षण**

१. खोलाबाट हुने बर्षेनी कटान न्यूनिकरण गर्न बायो इन्जिनियरिङ पद्वतीलाई अवलम्बन गरिनेछ।

२. राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग समन्वय गरी चुरे संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। भू-क्षय हुने चुरे क्षेत्रका सामुदायिक वनहरूलाई भू-क्षय रोकथाम तथा नियन्त्रण गर्न मद्दत पुग्ने बिरुवाहरू लगाउन उत्प्रेरित गरिनेछ।

३. चुरे क्षेत्रका सामुदायिक वनहरूको सवलीकरण गरी वातावरण संरक्षणका लागि सहजीकरण गरिनेछ। भूसंरक्षण र जलाधारको दिगो- व्यवस्थापनमा नागरिकहरूको सहभागिता वृद्धि गरिनेछ।

४. चिसाङ लगायतको खोलाहरूको कटान रोक्न दिगो तटबन्धन निर्माणका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

**ग. विपद् व्यवस्थापन**

१. स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ। लेटाङ नगरपालिका क्षेत्र भित्र विपद् जोखिम क्षेत्रहरूको पहिचान गरी न्यूनिकरणका उपायहरू अवलम्वन गरिनेछ।
२. नगरपालिकामा आइपर्ने विपद्लाई तत्काल तथा नियमित रुपमा समाधान गर्न स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (Local Emergency Operation Centre) को स्थापना गरिनेछ। विपद्को पूर्वसूचना तथा आपतकालिन सेवाबारे नगरवासीलाई नियमित सुसुचित गरिनेछ।
३. विपद्बाट हुने क्षति न्यूनिकरण गर्न राहत र उद्धारका लागि नगरको स्थानीय तह प्रकोप व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ।
४. विपदको समयमा तत्काल उद्धार तथा राहत प्रदान गर्न सम्बन्धित निकायहरूसँगको समन्वयमा उद्धार तथा राहत कार्य प्रभावकारी बनाइनेछ।
५. विपद पूर्व तयारी ,खोज ,उद्धारराहत र पुर्नस्था ,पनामा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गरिनेछ।
६. बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपबाट जोखिममा रहेका वस्ती/घरको पहिचान गरी विस्थापित भएका परिवारहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ।
७. संघीय सरकार र प्रदेशसरकारसँगको सहकार्यमा विपद् प्रभावितहरूको लागि पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।
८. वारुणयन्त्रको व्यवस्थापन तथा सञ्चालनलाई चुस्त र दुरुस्त बनाइनेछ। वडाका बिभिन्न स्थानहरूमा बिभिन्न सङ्घसंस्थाहरूले अग्नी नियन्त्रणको लागि निर्माण गरेका पानी पोखरीहरूलाई मर्मत सम्भार गरी विपद् व्यवस्थापनको लागि प्रयोगमा ल्याउने र थप आवश्यकता पहिचान गरी पानी पोखरीहरू निर्माण गर्दै लगिनेछ।

### घ. फोहोरमैला व्यवस्थापन

१. **"मेरो फोहोर मेरो जिम्मेवारी, फोहोरलाई मोहोर बनाउँ"** भन्ने नाराका साथ घरेलु फोहोर व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिनेछ। सोको लागि वडा कार्यालयको समन्वयमा टोल विकास संस्थाहरूलाई जिम्मेवार बनाइनेछ।
२. फोहोरमैला लाई वर्गीकरण गर्न लगाउने र फोहोरमैला व्यवस्थापनका लागि नीजि क्षेत्रसँग सहकार्य गरिनेछ।
३. स्वास्थ्य संस्थाबाट निस्कने फोहोर स्वास्थ्य संस्था स्वयंले व्यवस्थापन गर्नुपर्ने नीति लिइनेछ।
४. नियमित फोहोरमैला कर तिर्ने घरधुरी र व्यवसायीहरूको मात्र फोहोर संकलन गरिनेछ।
५. सार्वजनिक स्थानमा फोहोर फाल्नेलाई कानूनमा भएको व्यवस्था बमोजिम दण्ड जरिवानको व्यवस्था र सार्वजनिक स्थानमा फोहोर फाल्ने गरेको स-प्रमाण सूचना प्रदान गर्ने सूचकलाई उचित नगद पुरस्कारको व्यवस्था गरिनेछ।

६. फोहोरमैला व्यवस्थापनमा नगरको नारा "फोहोरको दिगो व्यवस्थापन लेटाङवासीको स्वस्थ जीवन" अनुरूप कार्य गर्ने उत्कृष्ट टोल बिकास संस्था र वडालाई सम्मान गरिनेछ।

७. सार्वजनिक स्थलहरूमा फोहोर व्यवस्थापनका लागि डस्टविनहरूको व्यवस्थापन क्रमश: गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

### क. सुशासन तथा संस्थागत विकास

१. संस्थागत सुशासन कायम गरी सेवा प्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउन सुधारका कार्यहरू सञ्चालन गरिनेछ।

२. सेवा प्रवाहमा सुधार गर्न आवश्यक नीति, ऐन, कानूनहरूको निर्माण गरी संस्थागत सक्षमता अभिवृद्धि गर्न जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासलाई निरन्तरता दिइनेछ।

३. सुशासन कायम गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्भेक्षण जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सेवाग्राही मैत्री तथा प्रभावकारी बनाइनेछ।

५. विकास कार्यलाई प्रभावकारी बनाउन आवधिक योजना, मध्यमकालीन खर्च संरचना, नीति तथा कार्यक्रम र वार्षिक बजेटका बीच तादम्यता कायम गरी स्रोतको कुशल विनियोजन र खर्चमा मितव्ययिता बढाइनेछ।

६. यस पालिकाको आवधिक नगर विकास योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ।

७. सार्वजनिक सम्पतिको तथ्याङ्क अध्यावधिक र संरक्षण गरिनेछ। अनियमितता तथा सरकारी सम्पतिको दुरुपयोग गर्नेलाई कानूनी कार्वाहीको दायरामा ल्याइनेछ।

८. आन्तरिक नियन्त्रण, आन्तरिक लेखा परीक्षण प्रणालीलाई प्रभावकारी बनाई बेरूजु न्युनीकरणमा जोड दिइनेछ। भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरी भ्रष्टाचारलाई निरुत्साहित गरिनेछ।

९. अन्तिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजु कार्ययोजना बनाई फर्छ्यौट गर्दै लगिनेछ।

१०. तोकिएको समयमा गुणस्तरीय काम सम्पन्न गर्ने उपभोक्ता समिति र निर्माण व्यवसायीलाई सम्मान गरिनेछ।

११. नगरपालिकाबाट 'घ' वर्गको इजाजत पत्र लिइ नगरपालिका क्षेत्रमा भौतिक निर्माण कार्यको ठेक्का लिएर काममा ढिलासुस्ती गरी समयमा सम्पन्न नगर्ने, गुणस्तरीय काम नगर्नेलाई इजाजत पत्र नविकरण नगर्ने नीति कडाइका साथ कार्यान्वयन गरिनेछ।

१२. सेवा प्रभावमा सूचना प्रविधिको प्रयोगलाई सरल सहज र पहुँचयोग्य बनाइ नागरिकको सुसुचित हुने हक सुनिश्चित गरिनेछ।

१३. नगरका मुख्य चोकहरूमा राखिएको सीसी क्यामेराको चुस्त दुरुस्त राखी सुरक्षा तथा सुशासनमा उपयोग गरिनेछ।

१४. नागरिक समाज र विभिन्न सरकारी निकायहरूको समन्वयमा नागरिक एवम् व्यवसायिक सुरक्षाको प्रत्याभुति सहितको शान्त, सुरक्षित, सुसंस्कृत र समृद्ध लेटाङ नगरको स्थापना गर्ने कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ।

१५. अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी र नतिजामुलक बनाइनेछ।

१६. नगर क्षेत्र भित्र सञ्चालन हुने ५ लाख सम्मका योजनाहरू वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र ५ लाख भन्दा माथिका योजनाहरू नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति मार्फत अनुगमन गरिनेछ।

१७. २० लाख भन्दा माथिका आयोजनामा आयोजना शुरु हुनुभन्दा पूर्व, आयोजना कार्यान्वयनको चरणमा र आयोजना सम्पन्न भएपछि तीन चरणमा अनिवार्य अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

१८. नगरपालिका तथा वडा कार्यालयमा सेवाग्राहीलाई प्रक्रियागत अलमल हुन नदिन नागरिक वडापत्रलाई अध्यावधिक र डिजिटलाइजेसन गरिदै लगिनेछ।

१९. सेवाग्राहीलाई छिटो, छरितो तथा गुणस्तरीय सेवा प्रदान गर्न नगरपालिका तथा वडा कार्यालयहरूमा नागरिक सहायता कक्ष स्थापना र सञ्चालनमा रहेका सहायता कक्षको सुधार गर्दै लगिनेछ।

२०. संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वयलाई प्रभावकारी बनाइनेछ। छिमेकी पालिकाहरूसँग साझा सरोकारका विषयमा (तीन स को) समन्वय, सहकार्य र सहअस्तित्वको नीतिलाई निरन्तरता दिइनेछ।

२१. उपभोक्ता हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा र औषधि तथा खाद्य बस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनलाई थप प्रभावकारी बनाउदै लगिनेछ।

२२. नगरपालिका क्षेत्र भित्रका खोलाहरूबाट अनाधिकृत रुपमा गिटी, बालुवा र ढुङ्गा उत्खनन तथा चोरी निकासी गर्न पूर्णरुपमा निषेध गरिनेछ।

२३. प्रचलित ऐन तथा कानूनमा व्यवस्था भएको वाहेक नगरकार्यपालिकाको बैठकबाट रकमान्तर र शिर्षक परिवर्तन गर्ने कार्यलाई निषेध गरिनेछ।

२४. प्रविधिमा आधारित भई सेवा प्रवाहलाई चुस्त तथा दुरूस्त बनाउँदैं नगरपालिकाले सम्पादन गरेका कार्यहरूको डाटा व्यवस्थापन सुधार गर्न एकीकृत सूचना प्रणालीको बिकास गरिनेछ।

२५. नगरपालिका तथा पालिका अन्तर्गतका निकायहरूमा सेवाप्रवाह सम्बन्धी मापदण्ड लागु गरिनेछ।

२६. कार्यसम्पादन र मापदण्डको आधारमा कर्मचारीहरूको क्षमता विकास साथै प्रोत्साहन भत्ताको व्यवस्था मिलाइनेछ।

२७. सुशासन तथा संस्थागत क्षमता विकासका लागि बिनियोजन गरेको रकम रकमान्तर गरिनेछैन।

२८. योजना सम्झौता भएको बाहेक अन्य योजनाको भुक्तानीका लागि अर्को आर्थिक बर्षमा दायित्व सारिने छैन।

२९. नगरपालिकाको चौमासिक, अर्धबार्षिक तथा बार्षिक प्रगतिको कार्ययोजना तयार गरी उक्त कार्ययोजना अनुरूप नै समिक्षा गरिनेछ।

३०. नगरपालिका अन्तर्गतका सम्पूर्ण शाखा उपशाखाहरूसँग कार्यसम्पादन सुचक तयार गरी कार्यसम्पादन सम्झौता प्रभावकारी कार्यान्वयन गरिनेछ।

३१. एस.एम.टी. बैठक, बिषयगत समितिहरूको बैठक, न्यायिक समितिको बैठक, कार्यपालिकाको नियमित बैठकहरू समय तालिकालाई निरन्तरता दिइनेछ।

३२. हरेक आर्थिक बर्षमा क्षेत्रगत प्रगतिहरूको अवस्थाको तुलनात्मक तालिका/चित्र बनाई सार्वजनिक गरिनेछ।

३३. आगामी आर्थिक बर्षमा वडा सिलिङ निर्धारण गर्दा वडाको कार्यसम्पादन मुल्याङ्कनलाई बिशेष जोड दिइनेछ।

३४. नगरपालिका अन्तर्गतका निकायहरूमा सूचना अधिकारी तोक्ने व्यवस्था मिलाईनेछ।

३५. दक्ष, इमान्दर र कार्यसम्पादनमा उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

३६. असुल उपर गर्न बाँकी बेरूजुलाई फर्छ्यौट गर्नका लागि पटकपटक पत्राचार र ताकेता गर्दा पनि फर्छ्यौट नगर्नेहरूको नामावली सार्वजनिक गर्न सम्बन्धित निकायमा लेखि पठाइनेछ।

३७. बजेट अनुमान र खर्चलाई थप यथार्थपरक बनाइनेछ। फजुल र अनुत्पादक खर्चमा कटौती गरी चालु खर्चमा मित्यव्यिता कायम गरिनेछ।

## ख) न्याय कानून तथा मानव अधिकार

१. न्यायिक समिति तथा मेलमिलापकर्ताको क्षमता विकास गर्दै न्यायमा सबैको पहुँच स्थापित गर्न **"बेलैमा गरौं मिलाप, नगरौ बिलाप"** भन्ने नारालाई साकार पारिनेछ।

२. न्यायिक सम्पादनलाई अझ व्यवस्थित मर्यादित गरेर अघि बढाउन नयाँ इजलास भवनबाट व्यवस्थित सेवा सुचारू गरिनेछ।

३. वडामा अवस्थित मेलमिलाप केन्द्र तथा मेलमिलापकर्ताको क्षमता विकास गरी मेलमिलाप केन्द्रहरूको सेवा प्रवाहलाई थप व्यवस्थित गर्दै लगिनेछ।

४. न्यायिक समितिबाट सम्पादन गरिने कार्यहरूलाई सफ्टवेयरको माध्यमबाट सञ्चालन गरी सेवा प्रवाहलाई चुस्त दुरूष्त तथा पारदर्शी बनाइनेछ।

५. कानुनी सचेतना सम्बन्धी अभिमुखिकरण अभियानको रूपमा समुदायस्तरमा सञ्चालन गरिनेछ।

## ग. राजस्व परिचालन सम्बन्धी नीति

१. राजस्व सुधार कार्ययोजना लागु गरिनेछ।

२. नगरपालिकाले प्रदान गर्ने सेवा, सुविधा, सहायता, अनुदान रकम भुक्तानीलाई क्रमश: राजस्व असुलीसँग अन्तरसम्वन्धित बनाईनेछ।

३. **"नगरको समृद्धिमा भरः म आफै तिर्छु कर "**भन्ने नारालाई सार्थक तुल्याउन कर प्रशासनलाई प्रविधिमैत्री, चुस्त दुरुस्त र करदातामैत्री बनाइदै लगिनेछ।

४. करलाई अनिवार्य दायित्व मानी स्वेच्छिक रुपमा कर तिर्न प्रोत्साहित गरिनेछ।

५.	करको दरलाई समयानुकुल सम्भव भएसम्म न्युनतम गर्दै करको दायरा फराकिलो बनाउँदै लगिनेछ। आन्तरिक आयमा बृद्धि गरी नगरपालिकालाई आत्मनिर्भर बनाउदै लगिनेछ। राजश्वका बैकल्पिक श्रोतको खोजी गरिनेछ।

६.	कर सङ्कलनलाई अझ बढी प्रभावकारी बनाउन धेरै कर तिर्ने करदातालाई सम्मान गरिनेछ।

७.	नगरपालिका क्षेत्रभित्रका मनोरञ्जन स्थल, पार्क, पोखरी तथा सिमसार क्षेत्रमा मनोरञ्जन कर लगाउने व्यवस्था मिलाइनेछ।

८.	लेटाङ नगरपालिका बजार क्षेत्रभित्र लामो समय अघि देखि अव्यवस्थित रुपमा बसोबास रहेकोले ऐलानी पर्ती तथा सार्वजनिक क्षेत्रमा बसोबास गर्दै आएका घरधुरीलाई समेत करको दायरामा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ।

९.	राजश्व वृद्धि गर्ने कार्ययोजनालाई पूर्णता दिई राजश्व वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। समयमा कर तिर्न सबै करदातालाई उत्प्रेरित गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०.	नगरपालिकाबाट फोहोर उठाए बापत फोहरमैला शुल्क असुलीलाई निरन्तरता दिइनेछ। नयाँ क्षेत्रहरूमा सेवा विस्तार गर्दा मागका आधारमा कम्तिमा २५ घरधुरी भएमा सेवा प्रदान गरिनेछ।

११.	घर बहाल करलाई अनिवार्य गर्न वडा कार्यालयहरूसँग समन्वय गरी घरधनी र वहालमा रहने व्यवसायीहरूको अभिलेख गरिनेछ।

१२.	कर सङ्कलन सम्बन्धी प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**घ. सामाजिक संघ संस्था**

१.	सामाजिक संघ संस्थाको क्षमतालाई नगरको विकासमा उपयोग गर्ने नीति लिइनेछ।

२.	सामाजिक संघ संस्थाहरूको स्रोत र साधन नगरपालिकाको दूरदृष्टि, नीति र योजना कार्यान्वयन गर्न सहयोगी हुने क्षेत्रमा उपयोग गर्ने नीति लिइनेछ।

३.	विपद् जोखिम न्यूनीकरण पूर्व तयारी, प्रतिकार्य र पुनर्निर्माणमा र वातावरण मैत्री स्थानीय शासन कार्यान्वयन गर्न टोल विकास संस्थाहरू तथा सामाजिक संस्थाहरू परिचालन गरिनेछ।

४.	सामाजिक संघ संस्थाहरूको अध्यावधिक गरिनेछ। अध्यावधिक नभएको सामाजिक संघ सस्थाहरू सँग सहकार्य गरिनेछैन।

५.	सामाजिक संघसंस्थाहरूको श्रोत सहितको साझेदारीलाई नगरपालिकाले प्राथमिकता प्रदान गर्नेछ।

६.	अन्य स्थानमा दर्ता भएको संघ संस्थाहरूले नगरपालिका क्षेत्रभित्र कार्य गर्नुपर्ने भएमा अनिवार्य रूपमा नगरपालिकाको पूर्वः स्विकृती लिनु पर्नेछ।

७.	अन्तराष्ट्रिय संघ संस्था तथा दातृ निकायहरू सँग सहकार्य र साझेदारी गरी कार्य सञ्चालन गरिनेछ।

**ङ. गैर सरकारी संस्था परिचालन**

१. लेटाङ नगर क्षेत्रमा गैरसरकारी संस्थाले योजना तथा कार्यक्रम तय गर्दा नगरपलिकाको आवश्यकताका आधारमा दोहोरो नपर्ने गरी नगरपालिकासँग प्रभावकारी समन्वयमा कार्यक्रम परियोजना छनौट र / कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

२. लेटाङ नगरपालिकामा दर्ता भएका संघ संस्थाहरूले संस्थाको बिधान, नीति नियम बाहिर गई गतिबिधिहरू सञ्चालन गरेको पाइएमा नगर कार्यपालिकाबाट जुनसुकै बखतमा पनि संस्था दर्ता खारेज गर्न सकिनेछ।

३. गैर सरकारी संस्थाले गरेका कामको  सघन अनुगमन गरी राम्रो काम गर्ने संस्थालाई मात्र कार्यक्रमनविकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। /कार्यान्वयनको अनुमति/परियोजना सञ्चालन/

४. नगरको स्वीकृत योजना कार्यान्वयन गर्ने गरी गैरसरकारी संस्थाले सञ्चालन गरेका परियोजना तथा कार्यक्रमहरूको नियमित प्रतिवेदन गर्ने व्यवस्था मिलाइनेछ।

५. विकास साझेदार संस्थाले नगर क्षेत्रभित्र योजना कार्यक्रम छनौट गर्दा नगरपालिकाको आवधिक योजनाबाट छनौट गरी सञ्चालन गर्नु पर्ने नीति लिइनेछ।

६. अन्तरपालिका सिमाना यकिन गर्नका लागि पहल गरिनेछ।

# लेटाङ नगरपालिकाको पन्ध्रौ नगरसभा अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ कोबार्षिक बजेट बक्तव्य

सभाध्यक्ष महोदय,

अब म लेटाङ नगरपालिकाको नगरसभामा नगर उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक बर्ष २०८१।८२ को बजेट प्रस्तुत गर्न चाहान्छु ।

१. आगामी आर्थिक बर्षको बजेट तयार गर्दा लिइएका आधारहरु निम्न बमोजिम रहेका छन् ।
   - नेपालको संविधान,
   - स्थानीय सरकार संचालन ऐन,
   - नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम,
   - दिगो बिकासको लक्ष्य,
   - नेपाल सरकारको सोह्रौं योजना,
   - कोशी प्रदेश सरकारको आवधिक योजना,
   - लेटाङ नगरपालिकाको आवधिक नगर बिकास योजना,
   - लेटाङ  नगरपालिकाको बस्तुगत विवरण,
   - राजस्व सुधार कार्ययोजना,
   - मध्यमकालिन खर्च संरचना, लैङ्गिक समानता तथासामाजिक समावेशीकरणबजेट परीक्षण,
   - बिगत बर्षका नगरसभाका निर्णयहरु,

- नगरपालिकाले लिएको दीर्घकालिन सोच "सुसंस्कृत र समृद्ध नगर, लेटाङबासीको रहर"
- नगरपालिकाको बिभिन्न समितिहरुको सुझाव तथा निश्कर्ष,
- अन्तिम लेखा परिक्षण प्रतिवेदन,
- राजनीतिक दल, संघसंस्था, नागरिक समाज, निजी क्षेत्र, आम नगरबासीको सुझावहरु।

सभाध्यक्ष महोदय,

**अब म आर्थिक वर्ष २०८१।०८२ का बजेटका उद्देश्यहरु प्रस्तुत गर्दछु**

१. आर्थिक, सामाजिक र भौतिक पुर्वाधारको दिगो बिकास गरी गरिवी न्यूनीकरण, सुसंस्कृतर समृद्ध नगरको बिकास गर्ने।

२. वर्तमान आर्थिक संकुचन तथा संकटहरुलाई कुशलतापुर्वक व्यवस्थापन गर्न करका दायरा, विनियोजन कुशलता तथा कार्यान्वयन दक्षता वृद्धि गर्ने।

३. स्रोत तथा साधनहरुको कुशल, मितव्ययी, प्रभावकारी रुपमा प्रयोग गरी वित्तीय अनुशासन कायम गर्दै सन्तुलित विकास गर्ने।

४. जवाफदेहिता, पारदर्शिता, वस्तुनिष्ठता, सेवा प्रवाहमा दक्षता सहित सुशासन स्थापित गर्ने।

५. मानवीय क्षमता बिकास, समाजिक परिचालन र सामाजिक न्याय स्थापना गर्ने ।

६. नगरबासीको स्वास्थ्य, शिक्षा, मानव अधिकार, शान्ति सुरक्षा र मौलिक हक प्राप्तिको आधारहरू विकास गर्ने।

७. सबै प्रकारको विपद्को व्यवस्थापन गर्ने ।

**बजेटका मुख्य मुख्य प्राथमिकताहरु**

१. सेवा प्रवाहमा सुधार र सुशासन

२. कृषि तथा पर्यटन क्षेत्रको विकास

३. भौतिक पुर्वधारको बिकास र दिगोपना

४. आन्तरिक स्रोतको अभिबृद्धि र स्रोतको कुशल परिचालन

५. चुरे क्षेत्र, वन वातावरण, जैविक विविधताको संरक्षणर प्रवर्द्धन,

६. गुणस्तरीय शिक्षा,स्वास्थ्यर खानेपानी,

७. सांस्कृतिक विविधताको पहिचान, सम्मान, संरक्षण र प्रवर्द्धन,

८. विपद जोखिम न्यूनिकरण र व्यवस्थापन,

९. नदी नियन्त्रण, तटबन्धनतथा दिगो सिंचाई व्यवस्थापन,

१०. लक्षित वर्गको परिचालन, सशक्तिकरण, मूलप्रवाहीकरणर सामाजिक सुरक्षा,

११. दुर्व्यसनी नियन्त्रण, युवा स्वरोजगार, सामाजिक परिचालन र खेलकुद विकास।

१२.

सभाध्यक्ष महोदय,

२०७९।८० को यथार्य आय रु. ७० करोड ३६ लाख ५१ हजार २८९ र व्यय रु ६२ करोड ८२ लाख २९ हजार ४८१ भएको र चालु आ.व. को संसोधित आय रु. ५४ करोड ७२ लाख ५१ हजार ४०१ र व्यय रु ४३ करोड ८८ लाख ७५ हजार ६६४ भएको जानकारी गराउँदछु ।अव म आगामी आर्थिक बर्ष २०८१।८२ को लागि प्रस्तावित खर्च बेहोर्ने स्रोत उल्लेख गर्न चाहान्छु ।

| | | |
|---|---|---|
| १ | **आन्तरिकआय** | **३ करोड७१ लाख १५ हजार** |
| | कगत आ व अल्या नगद मौज्दात . | १ करोड |
| | ख .यस आ व को अनुमान नगद | २ करोड ७१ लाख १५ हजार |
| २ | **राजश्वबाँडफाँडबाट प्राप्त रकम** | **१७ करोड ७२ लाख ३ हजार** |
| | कनेपाल सरकार . | ११ करोड २३ लाख |
| | खप्रदेश सरकार . | ७२ लाख ३ हजार |
| | ग स्थानिय | ५ करोड ७७ लाख |
| ३ | **नेपालसरकार वित्तीय हस्तान्तरण** | **३६ करोड ०८ लाख ७० हजार** |
| | कवित्तीय समानिकरण अनुदान . | ११ करोड ५८ लाख |
| | खसशर्त अनुदान . | २३ करोड ५० लाख ७० हजार |
| | गसमपुरक अनुदान . | १ करोड |
| | घविशेष अनुदान . | - |
| ४ | **प्रदेशसरकार वित्तीय हस्तान्तरण** | **२ करोड ९८ लाख ४९ हजार** |
| | कवित्तीय समानिकरण अनुदान . | ७२ लाख ६ हजार |
| | खसशर्त अनुदान . | ९६ लाख ४३ हजार |
| | गसमपुरक अनुदान . | १ करोड ३० लाख |
| | घविशेष अनुदान . | - |
| ५ | **आन्तरिक ऋण** | - |
| ६ | **अन्यअनुदान** | **३५ लाख** |
| | कजिल्ला समन्वय समिति . | - |
| | खसडक वोर्ड . | - |
| | ग PLGSP | - |
| | घ जनसहभागिता | ३५ लाख |

| कुल जम्मा | ६० करोड ८५ लाख ३७ हजार |
|---|---|

**सभाध्यक्ष महोदय,**

अब म बजेटमा समावेश भएका केही प्रमुख क्षेत्रगत क्रियाकलापको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु ।

अब म आगामी आ.व. २०८१।०८२ मा संघीय र प्रदेशको सशर्त, समपूरक, विशेष अनुदान बजेट समेत कुल अनुमानित बिनियोजित बजेट ६० करोड ८५ लाख ३७ हजारको बिषय क्षेत्रगत संक्षिप्त अनुमानित व्यय विवरण पेश गर्न अनुमति चाहन्छु।

१. आर्थिक विकासतर्फ अनुमानित बजेट ६ करोड २ लाख ६५ हजार बिनियोजन गरेको छु जुन कुल बजेटको ९.९ प्रतिशत रहेको सहर्ष जानकारी गराउदछु।
२. सामाजिक विकासतर्फ अनुमानित बजेट २७ करोड ४ लाख ७३ हजार ५ सय बिनियोजन गरेको छु जुन कुल बजेटको ४४.४५ प्रतिशत रहेको जानकारी गराउछु।
३. पूर्वाधार विकासतर्फ अनुमानित बजेट १२ करोड ८ लाख १ हजार बिनियोजन गरेको छु जुन कुल बजेटको १९.८५ प्रतिशत रहेको छ।
४. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र अनुमानित बजेट ४ करोड ५ लाख ९६ हजार ५ सय बिनियोजन गरेको छु जुन कुल बजेटको ६.६७ प्रतिशत रहेको छ।
५. कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ अनुमानित बजेट ११ करोड ६४ लाख १ हजार बिनियोजन गरेको छु जुन कुल बजेटको १९.१३ प्रतिशत रहेको जानकारी गराउन चाहन्छु ।

समग्रमा यस नगरपालिकाको आगामी आ.व. २०८१।०८२ को चालुतर्फ ४३ करोड ४० लाख ४३ हजार बिनियोजन गरेको छु जुन कुल बजेटको ७१.३३ प्रतिशत रहेको छ र पूँजीगत तर्फ १७ करोड ४४ लाख ९४ हजार बजेट बिनियोजन गरेको छु जुन कुल बजेटको २८. ६७ प्रतिशत रहेको व्यहोरा यस सम्मानित कार्यक्रम मार्फत आम जनसमुदायमा जानकारी गराउन चाहन्छु। र आगामी आ.व. २०८१।०८२ मा संघीय सशर्त अनुदान तर्फको कुल बजेटको २३ करोड ५० लाख ७० हजार मध्ये २३ करोड २५ लाख ७० चालु अनुदान तर्फ बिनियोजन गरिएको र पूँजीगत तर्फ २५ लाख मात्र बिनियोजन भएको हुँदा समग्रमा चालु खर्चमा ७१.३३ प्रतिशत बजेट बिनियोजन भई पूँजीगत खर्चमा २८.६७ प्रतिशत बिनियोजन भएको सहर्ष जानकारी गराउन चाहन्छु।

**सभाध्यक्ष महोदय,**

अब म बजेटमा समावेश भएका केही प्रमुख क्षेत्रगत क्रियाकलापहरूमा बिनियोजन भएको विवरण प्रस्तुत गर्न चाहान्छु ।

**<u>पूर्वाधार बिकास</u>**

- वडा कार्यालयहरूको लागि कुल रू ५ करोड ४० लाख बजेट बिनियोजन गरेको छु।
- "एक वडा एक नगर गौरव" योजना लागिरु. १ करोड ८० लाख बिनियोजन गरेको छु ।

- बिगत बर्षहरु देखि संचालनमा आएका क्रमागत योजनाहरुको भुक्तानीका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- अन्तरधार्मिक शान्ति पार्क निर्माणका लागि संघीय सरकारसमपुरक अनुदान रु १ करोड प्राप्त भएकोमा थप रु१ करोड बजेट बिनियोजन गरेको छु ।
- मुर्चुङ्गी खोला पक्की पुल निर्माणका लागि प्रदेश समपुरक अनुदान रु ६० लाख प्राप्त भएको मा थप रु ३२ लाख ३० हजार बजेटबिनियोजन गरेको छु ।
- बुद्धमार्ग कालोपत्रे निर्माण कार्यका लागि प्रदेश समपुरक अनुदान रु ७० लाख प्राप्त भएकाले थप रु ३७ लाख ७० हजार बजेट बिनियोजन गरेको छु ।
- तारजाली खरिद कार्यका लागि रु ३५ लाख बजेट बिनियोजन गरेको छु।
- सडक बोर्ड सँगको साझेदारीका लागि रु २५ लाख बजेट बिनियोजन गरेको छु ।
- पालिकास्तरीय सडक मर्मत सम्भारका लागि मर्मत सम्भारकोषमा आवश्यक बजेट बिनियोजन गरेको छु ।
- वडा नं ८ जाँते हाटबजार स्तरउन्नतीका लागि रु ३० लाखबजेट बिनियोजन गरेको छु ।
- वडा नं २ बुधबारे हाटबजार स्तरउन्ती का लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।
- तटबन्धन निर्माण तथा सिँचाई पैनीहरुको मर्मत सम्भारका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।
- तराई मधेस समृद्धि कार्यक्रम साझेदारीका लागि रु १० लाख विनियोजन गरेको छु।
- आधारभुत र माध्यामिक शिक्षाको गुणात्मक व्यवस्थापनका लागि शिक्षा शाखाका कार्यक्रम तर्फ कुल रू १ करोड ३९ लाख ५० हजार बिनियोजन गरको छु।
- पुर्ण खोप अभियान, निशुल्क वितरणका लागि औषधी तथा औषधी जन्य सामग्री खरिद, नागरिक आरोग्य केन्द्रका लागि औषधी खरिद तथा प्रवर्धनात्मक क्रियाकलाप, विपन्न नागरिक स्वास्थ्य उपचार, जनशक्तिको क्षमता विकास तथा उत्प्रेरणा लगायतका स्वास्थ्य शाखाकार्यक्रम तर्फ रु ८० लाख बिनियोजन गरेको छु ।
- महिला, बालबालिका, अपाङ्गता र जेष्ठ नागरिकहरुका लागि महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाका कार्यक्रम तर्फ कुल रू २५ लाख बजेट बिनियोजन गरेको छु।
- खेलकुद महोत्सव संचालन, युवा स्वयंम सेवक तथा स्काउट सम्वन्धी क्रियाकलाप, खेलमैदान स्तरउन्नती, खेलकुद सामग्री लगायतका क्रियाकलाप संचालन गर्न युवा तथा खेलकुद बिकास शाखाका कार्यक्रम तर्फ कुल रू ३० लाख बजेट बिनियोजन गरेको छु।
- कला तथा सँस्कृति प्रवर्धन तथा संरक्षण तर्फ १२ लाख बजेट बिनियोजन गरेको छु ।

**आर्थिक बिकास**

- कृषिलाई आधुनिकिकरण, ब्यवसायीकरण तथा बजारीकरण गर्न कृषि शाखाका कार्यक्रम तर्फ रु १ करोड बजेट बिनियोजन गरेको छु।
- ब्यवस्थित मासु पसल निर्माण, पशु औषधी तथा केमिकल खरिद, सामुदायिक कुकुर बन्ध्याकरण तथा नियन्त्रण लगायतका पशु शाखाका कार्यक्रम तर्फ रु ४० लाख बिनियोजन गरेको छु ।
- सहकारी संचालकहरुको क्षमता अभिवृद्दी, सहकारीहरुको अनुगमन तथा तथ्याङ्क व्यवस्थापन, कृषि सहकारीका लागि उत्पादन, लागत र बजारीकरण तालिम लगायतका सहकारी शाखाका कार्यक्रम तर्फ रु १० लाख बजेट बिनियोजन गरेको छु।
- लेटाङ नपा ३ पुतली पार्क निर्माण, समला पदमार्ग निर्माण, मोरङ्गी पुल दक्षिण पार्क निर्माण लगायतका आयोजना तथा कार्यक्रमहरुका लागि आवश्यक बजेट बिनियोजन गरेको छु
- ५०% अनुदानमा स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उधोग प्रवर्धन, आयमुलक, सिपमुलक, उधमशिलता तालिमहरुका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

<u>बन,बातावरण तथा संस्थागत सुशासन</u>

- **प्रकोप व्यवस्थापन कोषमा रु ७० लाख बजेट बिनियोजन गरेको छु ।**
- **चुरे सामुदायिक बनहरुलाई अनुदानका लागि रु १० लाख ५० हजार बिनियोजन गरेको छु ।**
- वातवरणीय प्रभाव परिक्षण, चुरेको मुहान संरक्षण, सार्वजनिक डष्टबिन निर्माण, नमुनाका रुपमा बिधालयमा कृषि बँगैचा लगायतका कार्यक्रम तथा आयोजनाका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- मौसमजन्य बाढी, पहिरो नियन्त्रण तथा नदी तटबन्धनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु
- सुचना प्रविधि, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, GESI AUDIT,अन्यपालिकासँग साझेदारीअन्तरपालिका भगिनी सम्वन्ध, जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिम, उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिमलगायतका कार्यक्रमका लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

<u>कार्यालय संचालन</u>

- लेटाङ नगरपालिकाको कर्मचारीहरुको तलब, भता, कार्यालय संचालन खर्च साथै वडा कार्यालय संचालन खर्च लगायतका कार्यक्रमका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आ.व. २०८१।०८२ को बजेट तथा कार्यक्रम गर्न चाहन्छु।

## आगामी आ.व. २०८१।०८२ को आय विवरण

| क्र स | विवरण | गत आ व को यथार्थ | चालु आ व को संशोधित अनुमान | मध्यमकालिन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आगामी पहिलो आ व ०८१/८२ को अनुमान | आगामी पहिलो आ व ०८२/८३ को प्रक्षेपण | आगामी पहिलो आ व ०८३/८४ को प्रक्षेपण | त्रिवर्षिय कुल |
| १ | **आन्तरिक आय** | **२८१५२२५००.** | **२२८११८३५०.** | **९४८१५०००.** | **९६७११३००.** | **९७६५९४५०.** | **२८९१८५७५०.** |
| | क. गत आ व अल्या नगद मौज्दात | १४३०६७८९०. | ४३२१६७६२. | १००००००००. | १०२०००००. | १०३०००००. | ३०५०००००. |
| | ख. यस आ व को आन्तरिक राजश्व | २८०५७६३०. | ६६६७६२१४. | २७११५०००. | २७६५७३००. | २७९२८४५०. | ८२७००७५०. |
| | ग स्थानिय राजश्व बाँडफाँड | ११०३९६९८०. | ११८२२५३७४. | ५७७००००००. | ५८८५४०००. | ५९४३१०००. | १७५९८५०००. |
| २ | **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | **११७९०८४८०.** | **१३३८८००००.** | **११९५०३०००.** | **१२१८९३०६०.** | **१२३०८८०९०.** | **३६४४८४१५०.** |
| | क. नेपाल सरकार | १११४९५०००. | १०९३२१०००. | ११२३०००००. | ११४५४६०००. | ११५६६९०००. | ३४२५१५०००. |
| | ख. प्रदेश सरकार | ६४१३४८०. | २४५५९०००. | ७२०३०००. | ७३४७०६०. | ७४१९०९०. | २१९६९१५०. |
| ३ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **३९८११३६००.** | **३५११८३०००.** | **३६०८७००००.** | **३६८०८७४००.** | **३७१६९६१००.** | **११००६५३५००.** |
| | क. वित्तीय समानिकरण अनुदान | १३२३००००००. | ११४७००००००. | ११५८००००००. | ११८११६०००. | ११९२७४०००. | ३५३१९००००. |
| | ख. सशर्त अनुदान | २४७८१३६००. | २१९४८३०००. | २३५०७००००. | २३९७७१४००. | २४२१२२१००. | ७१६९६३५००. |
| | ग. समपुरक अनुदान | ६००००००. | ५००००००. | १००००००००. | १०२०००००. | १०३०००००. | ३०५०००००. |
| | घ. विशेष अनुदान | १२००००००. | १२००००००. | ०. | ०. | ०. | ०. |
| ४ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **२२३९४०००.** | **२५२९००००.** | **२९८४९०००.** | **३०४४५९८०.** | **३०७४४४७०.** | **९१०३९४५०.** |
| | क. वित्तीय समानिकरण अनुदान | ७२११०००. | ७२२७०००. | ७२०६०००. | ७३५०१२०. | ७४२२१८०. | २१९७८३००. |
| | ख. सशर्त अनुदान | ५१८३०००. | ५०६३०००. | ९६४३०००. | ९८३५८६०. | ९९३२२९०. | २९४१११५०. |
| | ग. समपुरक अनुदान | १००००००००. | १३००००००. | १३००००००. | १३२६००००. | १३३९००००. | ३९६५००००. |
| | घ. विशेष अनुदान | | ० | | ०. | ०. | ०. |
| ५ | **आन्तरिक ऋण** | **0** | **0** | **0** | **०.** | **०.** | **०.** |
| ६ | **अन्य अनुदान** | **१७२५७०००.** | **१५७५६६५०.** | **३५०००००.** | **३५७००००.** | **३६०५०००.** | **१०६७५०००.** |
| | क. जिल्ला समन्वय समिति | ५२५७०००. | २६३१६५०. | | ०. | ०. | ०. |
| | ख. सडक वोर्ड | ५००००००. | ४२०००००. | | ०. | ०. | ०. |
| | ग PLGSP | ०. | ४२५०००. | | | ०. | ०. |
| | घ जनसहभागिता | ७००००००. | ८५०००००. | ३५०००००. | ३५७००००. | ३६०५०००. | १०६७५०००. |
| **कुल जम्मा** | | **८३७१९५५८०.** | **७५४२२८०००.** | **६०८५३७०००.** | **६२०७०७७४०.** | **६२६७९३११०.** | **१८५६०३७८५०.** |

# आगामी आ.व. २०८१।०८२ को विषय क्षेत्रगत व्यय विवरण

| क्र.सं. | शीर्षक | विनियोजन | विनियोजन % | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | जनसहभागिता |
| | | | | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | |
| **१** | **आर्थिक विकास** | **६०२६५०००.** | **९.९** | **१९६३१०००.** | **३३१५९०००.** | **७४७५०००.** | **०.००** |
| १ | कृषि | १५२२००००. | २.५ | ७८५००००. | ५१७००००. | २२०००००. | ०.०० |
| २ | उद्योग | ४६०००००. | ०.७६ | १९५००००. | २६५००००. | ०.०० | ०.०० |
| ३ | पर्यटन | २११९५०००. | ३.४८ | ३१०००००. | १६७९५०००. | १३०००००. | ०.०० |
| ४ | सहकारी | १००००००. | ०.१६ | १००००००. | ०.०० | ०.०० | ०.०० |
| ५ | जलश्रोत तथा सिंचाई | ८१५००००. | १.३४ | १२५००००. | ६९०००००. | ०.०० | ०.०० |
| ६ | बन | ९००००. | ०.०१ | ०.०० | ९००००. | ०.०० | ०.०० |
| ७ | पशुपन्छी विकास | ९०१००००. | १.४८ | ३९८१०००. | १५५४०००. | ३४७५०००. | ०.०० |
| ८ | भूमि व्यवस्था | १००००००. | ०.१६ | ५०००००. | ०.०० | ५०००००. | ०.०० |
| **२** | **सामाजिक विकास** | **२७०४७३५००.** | **४४.४५** | **३२५५४५००.** | **२२९९०५०००.** | **८०१४०००.** | **०.००** |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ८३५०००. | ०.१४ | ४००००. | ७९५०००. | ०.०० | ०.०० |
| २ | युवा तथा खेलकुद | ५१५२५००. | ०.८५ | २८२२५००. | ४३००००. | १९०००००. | ०.०० |
| ३ | खानेपानी तथा सरसफाई | २५३४०००. | ०.४२ | ९१००००. | १६२४०००. | ०.०० | ०.०० |
| ४ | भाषा तथा संस्कृति | २६९७०००. | ०.४४ | २४४७०००. | २५००००. | ०.०० | ०.०० |
| ५ | शिक्षा | १८६१४६०००. | ३०.५९ | १५०३४०००. | १६८८२८०००. | २२८४०००. | ०.०० |
| ६ | स्वास्थ्य | ६७१२७०००. | ११.०३ | ८१७५०००. | ५६४२३०००. | २५२९०००. | ०.०० |
| ७ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ५९८२०००. | ०.९८ | ३१२६०००. | १५५५०००. | १३०१०००. | ०.०० |
| ३ | पूर्वाधार विकास | १२०८०१०००. | १९.८५ | २६२३९०००. | ७६७०४०००. | १४३५८०००. | ३५०००००. |
| १ | यातयात पूर्वाधार | ७४५१२०००. | १२.२४ | १९३४२०००. | ३८६७००००. | १३००००००. | ३५०००००. |
| २ | भवन, आवास तथा सहरी विकास | १९७२४०००. | ३.२४ | ३७३७०००. | १४७७९०००. | १२०८०००. | ०.०० |
| ३ | उर्जा | २९९००००. | ०.४९ | १५८००००. | १४१००००. | ०.०० | ०.०० |
| ४ | पुननिर्माण | ४२५००००. | ०.७ | ०.०० | ४२५००००. | ०.०० | ०.०० |
| ५ | सम्पदा पूर्वाधार | १९३२५०००. | ३.१८ | १५८००००. | १७५९५०००. | १५००००. | ०.०० |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **४०५९६५००.** | **६.६७** | **२६९९२५००.** | **१३६०२०००.** | **२०००.** | **०.००** |
| १ | शासन प्रणाली | २१५००००. | ०.३५ | २१५००००. | ०.०० | ०.०० | ०.०० |
| २ | प्रशासकीय सुशासन | ५८७०५००. | ०.९६ | ४७०४५००. | ११६६०००. | ०.०० | ०.०० |
| ३ | वित्तीय सुशासन | ४५०००००. | ०.७४ | ४५०००००. | ०.०० | ०.०० | ०.०० |
| ४ | कानुन तथा न्याय | १९५००००. | ०.३२ | १८५००००. | १०००००. | ०.०० | ०.०० |
| ५ | शान्ति तथा सुव्यवस्था | ७१००००. | ०.१२ | ७१००००. | ०.०० | ०.०० | ०.०० |
| ६ | श्रम तथा रोजगारी | ७७३६०००. | १.२७ | ०.०० | ७७३६०००. | ०.०० | ०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | गरिबी निवारण | ३६७६०००. | ०.६ | २२७६०००. | १४०००००. | ०.०० | ०.०० |
| ८ | योजना तर्जुमा र कार्यन्वयन | ६४००००. | ०.११ | ६३८०००. | ०.०० | २०००. | ०.०० |
| ९ | अनुगमन तथा मूल्यांकन | १०२४०००. | ०.१७ | १०२४०००. | ०.०० | ०.०० | ०.०० |
| १० | वातावरण तथा जलवायु | ३८०००००. | ०.६२ | २७०००००. | ११०००००. | ०.०० | ०.०० |
| ११ | मानब संशाधन विकास | १००००००. | ०.१६ | १००००००. | ०.०० | ०.०० | ०.०० |
| १२ | विपद व्यवस्थापन | ७५४००००. | १.२४ | ५४४००००. | २१०००००. | ०.०० | ०.०० |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **११६४०१०००.** | **१९.१३** | **१०८९०१०००.** | **७५०००००.** | **०.००** | **०.००** |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११६४०१०००. | १९.१३ | १०८९०१०००. | ७५०००००. | ०.०० | ०.०० |
| | **कुल जम्मा** | ६०८५३७०००. | १००. | २१४३१८०००. | ३६०८७००००. | २९८४९०००. | ३५००००० . |

| आ.व. : २०८१/८२ चालु र पुजिगत खर्च विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र स | शीर्षक | आ.व. २०८१/८२ को अनुमान | स्रोत | | | | |
| | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | जनसहभागिता |
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | |
| १ | **चालु** | ४३४०४३०००. | १७६९९००००. | २४६८६२०००. | १०१९१०००. | ०.०० | ०.०० |
| २ | **पूंजीगत** | १७४४९४०००. | ३७३२८०००. | ११४००८०००. | १९६५८०००. | ०.०० | ३५०००००. |
| **कुल व्यय** | | ६०८५३७०००. | २१४३१८०००. | ३६०८७००००. | २९८४९०००. | ०.०० | ३५०००००. |

# आ.व. २०८१।०८२ को बजेट तथा कार्यक्रम

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | विनियोजन रकम | कैफियत |
|---|---|---|---|---|
| ८०११३४०६१०१ लेटाङ नगरपालिका | | | | |
| १ | उधम विकास सहजकर्ता परिचालन | २११११ | ७२,०००.०० | |
| २ | पारिश्रमिक कर्मचारी | २११११ | २,५०,००,०००.०० | |
| ३ | पोशाक | २११२१ | ८,००,०००.०० | |
| ४ | महंगी भत्ता | २११३२ | १०,००,०००.०० | |
| ५ | कर्मचारीको बैठक भत्ता | २११३४ | ५,००,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | २५,००,०००.०० | |
| ७ | नगर प्रहरी, दमकल रासन प्रोत्साहन खर्च | २११३५ | ५,००,०००.०० | |
| ८ | प्रअका लागि थप भत्ता | २११३९ | १,००,०००.०० | |
| ९ | महिला स्वास्थ्य स्वयम् सेविका निरन्तर उत्प्रेरणा खर्च | २११३९ | ४,९५,०००.०० | |
| १० | अन्य भत्ता | २११३९ | २,००,०००.०० | |
| ११ | "योजना तर्जुमा तथा समीक्षा र प्रधानाध्यापक सहित समीक्षा बैठक | २११३९ | १,००,०००.०० | |
| १२ | मेलमिलाप कर्तालाई यातायात खर्च | २११३९ | २,२५,०००.०० | |
| १३ | पदाधिकारी बैठक भत्ता | २११४१ | १०,००,०००.०० | |
| १४ | बैठक भत्ता(न्यायिक समितिको) | २११४१ | २,७५,०००.०० | |
| १५ | पदाधिकारीअन्य सुबिधा | २११४२ | ९५,००,०००.०० | |
| १६ | कर्मचारी कल्याण कोष | २१२१४ | ५,००,०००.०० | |
| १७ | पानी तथा बिजुली | २२१११ | १२,००,०००.०० | |
| १८ | संचार महसुल | २२११२ | १२,००,०००.०० | |
| १९ | सार्वजनिक परीक्षण | २२११३ | ४,००,०००.०० | |
| २० | लैङ्गिक परीक्षण | २२११३ | २,००,०००.०० | |
| २१ | सार्वजनिक सुनुवाइ | २२११३ | ५,००,०००.०० | |
| २२ | इन्धन (पदाधिकारी) | २२२११ | १५,००,०००.०० | |
| २३ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | ३०,००,०००.०० | |
| २४ | सवारी साधन मर्मत खर्च | २२२१३ | ३५,००,०००.०० | |
| २५ | बिमा तथा नवीकरण खर्च | २२२१४ | ५,००,०००.०० | |
| २६ | CCTV Maintenance, Repairs and Servicing | २२२२१ | ४,००,०००.०० | |
| २७ | Server/Network Maintenance and Upgrading | २२२२१ | १,००,०००.०० | |
| २८ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | १२,००,०००.०० | |
| २९ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२२३१ | २५,००,०००.०० | |
| ३० | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २२२९१ | ५,००,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | अन्य विविध व्यवस्थापन | २२३११ | ८४,०००.०० | |
| ३२ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | ४०,००,०००.०० | |
| ३३ | खेल सामग्री व्यवस्थापन( खेलकुद प्रशिक्षण को लागि) | २२३११ | १,५०,०००.०० | |
| ३४ | पुस्तक तथा सामग्री खर्च | २२३१३ | २,००,०००.०० | |
| ३५ | नगर बुलेटिन खर्च | २२३१३ | ३,००,०००.०० | |
| ३६ | स्थानीय पाठ्यक्रम हाम्रो लेटाङको कक्षा १-८ को पुस्तक परिमार्जन र छपाई | २२३१३ | ५,००,०००.०० | |
| ३७ | इन्धन - अन्य प्रयोजन | २२३१४ | ५,००,०००.०० | |
| ३८ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | १७,००,०००.०० | |
| ३९ | मेलमिलाप नागरिक वडा पत्र तथा सूचना छपाई | २२३१५ | २,५०,०००.०० | |
| ४० | विविध किताब प्रकाशन खर्च | २२३१५ | ४,५०,०००.०० | |
| ४१ | अन्य कार्यालय संचालन खर्च | २२३१९ | ८,००,०००.०० | |
| ४२ | सेवा र परामर्श खर्च | २२४११ | १०,००,०००.०० | |
| ४३ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | १०,००,०००.०० | |
| ४४ | करार सेवा शुल्क | २२४१३ | २,४०,००,०००.०० | |
| ४५ | २०७८ अघि अनुमति प्राप्त गरी निजी स्रोतबाट सञ्चालित सामुदायिक बालविकास केन्द्रका सका तलव अनुदान | २२४१३ | ३,९०,०००.०० | |
| ४६ | विद्यालय सहयोगी कर्मचारी मासिक ७००० थप तलब | २२४१३ | २८,२१,०००.०० | |
| ४७ | माध्यमिक विद्यालयका लेखा कर्मचारीको थप तलब | २२४१३ | ४,५५,०००.०० | |
| ४८ | "बालविकास सहजकर्ता पारीश्रमीक मासिक ७००० थप तलब | २२४१३ | ३६,४०,०००.०० | |
| ४९ | सरसफाईसेवा शुल्क | २२४१४ | १०,००,०००.०० | |
| ५० | अन्य सेवा शुल्क | २२४१९ | १०,००,०००.०० | |
| ५१ | शुत्रमा आधारित राजश्व मोडुल सम्बन्धी तालिम | २२५११ | १,५०,०००.०० | |
| ५२ | अफिस अटोमेसन सम्बन्धी अभिमुखिकरण तालिम | २२५११ | २,००,०००.०० | |
| ५३ | ICT सम्बन्धी तालिम | २२५११ | १,००,०००.०० | |
| ५४ | LISA, FRA र LED अभिमुखीकरण कार्यक्रम | २२५११ | १,००,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ५५ | कर्मचारी तालिम खर्च | २२५११ | १३,००,०००.०० | |
| ५६ | सहकारी संचालक क्षमता अभिबृद्धी तालिम | २२५१२ | २,००,०००.०० | |
| ५७ | प्राविधिक सीप विकास तालिम | २२५१२ | ७,४४,०००.०० | |
| ५८ | टमाटर बिबिधिकरण बाई प्रोडक्ट निर्माणका लागि तालिम संचालन | २२५१२ | १,५०,०००.०० | |
| ५९ | कृषि सहकारीको लागि उत्पादन ,लागत तथा बजारिकरण तालिम | २२५१२ | १,५०,०००.०० | |
| ६० | उद्यमशीलता विकास तालिम | २२५१२ | १,४४,०००.०० | |
| ६१ | ५०% अनुदानमा स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्धनका लागि प्रविधि हस्तान्तरण | २२५१२ | ६,००,०००.०० | |
| ६२ | मासु पसल व्यवस्थापन तालिम | २२५१२ | १,५०,०००.०० | |
| ६३ | आर्थिक रुपमा विपन्न तथा अपाङ्गता भएका शिक्षित व्यक्तिहरुका लागि शिक्षक सेवा/लोक सेवा आयोग तयारी कक्षा संञ्चालन | २२५१२ | १,५०,०००.०० | |
| ६४ | महिला शसक्तिकरण अन्तर्गत नेतृत्व विकास सम्बन्धी तालिम | २२५१२ | १,५०,०००.०० | |
| ६५ | बाली बिशेष वडा स्तरिय १ दिने तालिम | २२५१२ | २,००,०००.०० | |
| ६६ | जनप्रतिनिधि क्षमता अभिवृद्धी | २२५१२ | ५,००,०००.०० | |
| ६७ | उपभोक्ता समितिका पदाधिकारी तालिम | २२५१२ | ५,००,०००.०० | |
| ६८ | सदस्य केन्द्रित सुचकाङ्क तालिम | २२५१२ | १,५०,०००.०० | |
| ६९ | नगरक्षेत्रका डकर्मिहरुको लागि क्षमता अभिवृद्दिका लागि भूकम्प प्रतिरोधी भवन निर्माण तथा सिप विकास तालिम | २२५१२ | ३,००,०००.०० | |
| ७० | मेलमिलाप कर्ता पुनर्ताजगि तालिम | २२५१२ | २,५०,०००.०० | |
| ७१ | सामुदायिक वन संञ्चालन अभिमुखिकरण तालिम | २२५१२ | २,००,०००.०० | |
| ७२ | आदिबासी जनजातीको सिपमुलक तथा आयमुलक कार्यक्रम | २२५१२ | ५,००,०००.०० | |
| ७३ | मेलमिलाप कर्ताहरूलाई लेखनशिप सम्बन्धी तालिम | २२५१२ | १,००,०००.०० | |
| ७४ | साइलेज प्रदर्शनी अभिमुखिकरण | २२५१२ | ४०,०००.०० | |
| ७५ | वडाहरूमा बार्है महिना हरियो घाँसको प्रदर्शनी कार्यक्रम (फर्महरूमा नमुनाको रूपमा) | २२५२१ | २,००,०००.०० | |
| ७६ | लेटाङ बहुमुखी क्याम्पस अनुदान | २२५२२ | १५,००,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ७७ | नागरिक आरोग्य केन्द्र औषधि व्यवस्थापन तथा प्रवर्धनात्मक कार्यक्रम | २२५२२ | ४,८०,०००.०० | |
| ७८ | गरिबि निवारण कोष | २२५२२ | १०,००,०००.०० | |
| ७९ | कक्षा ८ र १० को उत्कृष्ठ छात्राछत्र पुरस्कार | २२५२२ | ४०,०००.०० | |
| ८० | लिम्बुहरूको च्याब्रुङ बाजा गाजा खरिद तथा वितरण | २२५२२ | २,००,०००.०० | |
| ८१ | लिम्बू भाषाको सहायक प्रशिक्षक अनुदान | २२५२२ | २,७०,०००.०० | |
| ८२ | मागमा आधारित पुष्पखेती(सयपत्री) प्रबर्द्धन तथा रकम प्रोहत्साहन कार्यक्रम शत प्रतिशत अनुदान | २२५२२ | ७५,०००.०० | |
| ८३ | विद्यालयमा शैक्षिक सामग्री बैंक निर्माण अनुदान प्राथमिक १-५ | २२५२२ | १,८०,०००.०० | |
| ८४ | प्रकोप व्यवस्थापन कोष | २२५२२ | ७०,००,०००.०० | |
| ८५ | जेष्ठ तथा अपाङगता भएका व्यक्तिहरुका लागि वडामा स्वास्थ्य परीक्षण कार्यक्रम | २२५२२ | २,००,०००.०० | |
| ८६ | मेयरसँग सञ्चारकर्मी कार्यक्रम | २२५२२ | ५,००,०००.०० | |
| ८७ | करदाता शिक्षा र अभिमुखिकरण कार्यक्रम | २२५२२ | १,५०,०००.०० | |
| ८८ | ग्रामीण आमा स्वास्थ्य कार्यक्रमको निरन्तरता तथा विस्तार | २२५२२ | ५,५०,०००.०० | |
| ८९ | अपाङ्गता रोकथाम तथा पुनस्थापना प्रदेश सरकारसँग कार्यक्रम | २२५२२ | ५,५०,०००.०० | |
| ९० | चुरेको मुहान संरक्षण | २२५२२ | ५,००,०००.०० | |
| ९१ | खेलाडी सम्मान कार्यक्रम | २२५२२ | ५०,०००.०० | |
| ९२ | घरनक्सा पास अनुमति तथा अभिलेखीकरण सम्बन्धि घरदैलो अभिमुखीकरण, लगत संकलन तथा अनुगमन कार्यक्रम | २२५२२ | २,००,०००.०० | |
| ९३ | कानुनी सचेतना सम्बन्धी अन्तरपालिका साझेदारी कार्यक्रम | २२५२२ | ५०,०००.०० | |
| ९४ | महिला स्वास्थ्य स्वयम् सेविका सम्मानजनक विदाई, दिवस क्षमता विकास तथा समीक्षा तथा वस्तुगत सहयोग | २२५२२ | २,७०,०००.०० | |
| ९५ | वडा नं १,७ र ८ को माथिल्लो भागको बालिका शिक्षा बचत कार्यक्रम | २२५२२ | १,५०,०००.०० | |
| ९६ | स्काउट सम्बन्धी क्रियाकलप सञ्चालन | २२५२२ | २,००,०००.०० | |
| ९७ | युवा स्वयसेवक परिचालन | २२५२२ | १,००,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ९८ | अन्तर पालिका आमन्त्रित खेलकुद प्रतियोगिता नगरको टिम सहभागिता | २२५२२ | २,००,०००.०० | |
| ९९ | नगरपालिका स्तरीय खेलकुद महोत्सव सञ्चालन | २२५२२ | ११,००,०००.०० | |
| १०० | मागमा आधारित सिम साग खेती प्रवर्धन | २२५२२ | ५०,०००.०० | |
| १०१ | विपन्न परिवारका आमाहरुको आङ्ग खस्ने रोगको सल्याक्रिया लागि अस्पतालसँग साझेदारीमा निशुल्क उपचारको लागि आर्थिक सहायता | २२५२२ | ५,००,०००.०० | |
| १०२ | जेष्ठ नागरिक दिवस कार्यक्रम | २२५२२ | ५०,०००.०० | |
| १०३ | बहुबर्षे पोथ्रे घाँसको बिउ खरिद तथा वितरण | २२५२२ | ३,००,०००.०० | |
| १०४ | पशुपंक्षीको खोपका लागि लजिष्टिक खरिद तथा प्राविधिक पारिश्रमिक खर्च साझेदारी | २२५२२ | १,०५,०००.०० | |
| १०५ | खेलकुद प्रशिक्षण प्रशिक्षक (महिला पुरूष फुटबल U14, महिला भलिवल खुला,पुरूष क्रिकेटU23) | २२५२२ | २,००,०००.०० | |
| १०६ | स्वास्थ्य विपद तथा महामारी व्यवस्थापन | २२५२२ | ४,००,०००.०० | |
| १०७ | उत्कृष्ट कृषक तथा समुह पुरुस्कार | २२५२२ | ५०,०००.०० | |
| १०८ | श्रमिक हित कोष | २२५२२ | १०,००,०००.०० | |
| १०९ | राष्ट्रिय धान दिवस कार्यक्रम | २२५२२ | ३०,०००.०० | |
| ११० | "सिक्दै र कमाउदै" कृषि पाठशाला कार्यक्रम | २२५२२ | १,००,०००.०० | |
| १११ | कार्यक्रम खर्च (नगरस्तरिय) | २२५२२ | २०,००,०००.०० | |
| ११२ | नमुना नगरसभा कार्यक्रम संञ्चालन | २२५२२ | २,००,०००.०० | |
| ११३ | सुन्तला, केरा, अलैची आदी खेती प्रवर्धन कार्यक्रम | २२५२२ | १,५०,०००.०० | |
| ११४ | वालमैत्री स्थानिय शासन प्रवर्धन कार्यक्रम | २२५२२ | ५,००,०००.०० | |
| ११५ | ३ दिने पर्यटन प्रवर्धन अभिमुखिकरण तालिम | २२५२२ | ३,००,०००.०० | |
| ११६ | लैङ्गिक हिसा विरुद्धको १६ दिने अभियान कार्यक्रम | २२५२२ | २,००,०००.०० | |
| ११७ | टमार खेति व्यवसाय सँग अन्तर्क्रिया कार्यक्रम | २२५२२ | ५०,०००.०० | |
| ११८ | बजारीकरणमा सहयोग | २२५२२ | ६०,०००.०० | |
| ११९ | पशुपंक्षी क्षेत्रमा अनुदान तथा विकास कार्यक्रम | २२५२२ | ५०,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १२० | जनस्वास्थ्य नियमन, क्षमता विकास तथा असल अभ्यास सिकाई | २२५२२ | १,००,०००.०० | |
| १२१ | न्याय सम्पादन मेलमिलाप सम्बन्धी चौमासिक समिक्षा | २२५२२ | १,००,०००.०० | |
| १२२ | वित्तिय सेवामा पहुँच | २२५२२ | ६०,०००.०० | |
| १२३ | योग शिविर संचालन | २२५२२ | १,५०,०००.०० | |
| १२४ | कक्षा ८ को नगरस्तरीय परीक्षा व्यवस्थापन | २२५२२ | ४,००,०००.०० | |
| १२५ | उत्कृष्ट कार्यसम्पादन तथा व्यवस्थापन भएक आ. वि. (१-५ र १-८) पुरस्कार अनुदान | २२५२२ | ५०,०००.०० | |
| १२६ | करदाता लागत संकलन,बजार अनुगमन तथा अध्यावधिक कार्यक्रम | २२५२२ | २,००,०००.०० | |
| १२७ | लैंगिक हिंसा तथा संरक्षण कोष | २२५२२ | २,००,०००.०० | |
| १२८ | उद्यम विकासका लागि सामाजिक परिचालन | २२५२२ | ३६,०००.०० | |
| १२९ | भगिनी सम्बन्ध विस्तार (अनुभव आदन प्रदान) | २२५२२ | १०,००,०००.०० | |
| १३० | कृषिविकास साझेदारी कार्यक्रम | २२५२२ | ४०,००,०००.०० | |
| १३१ | सहकारी दिवस संचालन (पुरस्कार तथा सम्मान) | २२५२२ | १,००,०००.०० | |
| १३२ | रैथाने बालीलाई ब्राण्डिङ, लेभलिङ, प्याकेजिङ र बजारिकरण | २२५२२ | २,२०,०००.०० | |
| १३३ | विद्यालयमा शैक्षिक सामग्री बैंक स्थापना अनुदान प्राथमिक १-१० | २२५२२ | ८४,०००.०० | |
| १३४ | महिला स्वयमसेविमार्फत मधुमेह तथा उच्च रक्तचाप पहिचान (CB-NCD) | २२५२२ | २,५०,०००.०० | |
| १३५ | अस्पतालको कार्यसम्पादन तथा सेवा सुधारको लागि न्युनत्तम सेवा मापदण्ड कार्यक्रम | २२५२२ | २,००,०००.०० | |
| १३६ | दलितहरुका लागि सिपमुलक तथा आयमुलक कार्यक्रम | २२५२२ | ४,००,०००.०० | |
| १३७ | वालवालिकाको दाँत किराले खाने रोग रोकथाम कार्यक्रम | २२५२२ | १,००,०००.०० | |
| १३८ | वालविवाह वहुविवाह तथा वाल श्रम अन्त्यका लागि सचेतनात्मकमूलक कार्यक्रम | २२५२२ | १,००,०००.०० | |
| १३९ | अन्य संघ संस्था सँग साझेदारी | २२५२२ | १०,००,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १४० | कृषकहरूलाई तरकारी तथा फलफुल खेती सम्बन्धी प्राविधिक तालिम | २२५२२ | २,००,०००.०० | |
| १४१ | बाल दिवसको अवसरमा विभिन्न कार्यक्रम | २२५२२ | ५०,०००.०० | |
| १४२ | कृतिम गर्भधान कार्यक्रम | २२५२२ | १,८०,०००.०० | |
| १४३ | नगदे, तरकारी बाली बिमा अभिमुखिकरण कार्यक्रम | २२५२२ | १,५०,०००.०० | |
| १४४ | साइलेजको लागि मकै चरीको बिउ खरिद तथा बितरण | २२५२२ | ३,००,०००.०० | |
| १४५ | विपन्न नागरिक स्वास्थ्य उपचार सहयोग | २२५२२ | ५,००,०००.०० | |
| १४६ | फोहोरमैला व्यवस्थापन अभिमुखिकरण | २२५२२ | ५,००,०००.०० | |
| १४७ | छात्रसँग उपमेयर कार्यक्रम | २२५२२ | ५,००,०००.०० | |
| १४८ | ५०% अनुदानमा हिउदे र वर्षे मकैको विउ वितरण | २२५२२ | ३,००,०००.०० | |
| १४९ | मदन भण्डारी शैक्षिक ऋण तथा अनुदान | २२५२२ | ५,००,०००.०० | |
| १५० | आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा कार्यसम्पादन तथा सेवा सुधारको लागि न्युनत्तम सेवा मापदण्ड कार्यक्रम | २२५२२ | २,००,०००.०० | |
| १५१ | महिला दिवसको अवसरमा विभिन्न कार्यक्रम संचालन | २२५२२ | १,००,०००.०० | |
| १५२ | मासुको गुणस्तर परिक्षण कार्यक्रम | २२५२२ | ५०,०००.०० | |
| १५३ | ७५% अनुदानमा टमाटरको विउ वितरण | २२५२२ | ५,००,०००.०० | |
| १५४ | कृषि अनुसन्धान कार्यक्रम (जलवायु परिवर्तन समेत) | २२५२२ | १,००,०००.०० | |
| १५५ | माटोपरिक्षणका लागी नमुना संकलन शिविर तथा परिक्षण कार्यक्रम तथा रिपोटको आधारमा कृषि चुन वितरण साथै माटो सुधार सम्बन्धी अभिमुखिकरण कार्यक्रम | २२५२२ | ४,००,०००.०० | |
| १५६ | स्वास्थ्य संस्थाहरुलाई EHMIS, ELMIS का लागि वस्तुगत, सञ्चार तथा प्राविधिक सहयोग | २२५२२ | २,००,०००.०० | |
| १५७ | महिला शसक्तिकरण अन्तर्गत लेखनसिप सम्बन्धी तालिम | २२५२२ | १,५०,०००.०० | |
| १५८ | क्षयरोग तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | २२५२२ | १,००,०००.०० | |
| १५९ | विद्यालयमा शैक्षिक सामग्री बैंक स्थापना अनुदान प्राथमिक १-८ | २२५२२ | ३६,०००.०० | |
| १६० | प्रस्तावमा आधारित अर्गानिक नमुना कृषि व्यावसाय प्रवर्धन कार्यक्रम | २२५२२ | २,००,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १६१ | चुरे सामुदायिक वनहरूलाई अनुदान | २२५२२ | १०,५०,०००.०० | |
| १६२ | खेलकुद सामाग्री खरिद तथा वितरण | २२५२२ | ५,००,०००.०० | |
| १६३ | विद्यालयहरूमा आन्तरिक परीक्षा सञ्चालन अनुदान | २२५२२ | ३,१०,०००.०० | |
| १६४ | लागु पदार्थ दुर्व्यसनी विरुद्ध आमाहरु कार्यक्रम | २२५२२ | १,००,०००.०० | |
| १६५ | एकीकृत वाल स्वास्थ्य तथा खोप सेवा प्रवाह, पूर्ण खोप दिगोपना तथा ढुवानी समेत | २२५२२ | ३,५५,०००.०० | |
| १६६ | खोरेत तथा लम्पी रोग सर्भिलेन्स कार्यक्रम | २२५२२ | ६७,२००.०० | |
| १६७ | अपाङ्गता परिचय वितरण समितिको बैठक भत्ता तथा विभिन्न ठाउँमा अपाङगता परिचय पत्र वितरण सिविर सञ्चालन | २२५२२ | १,५०,०००.०० | |
| १६८ | नगर स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन | २२५२२ | २,१४,०००.०० | |
| १६९ | आकास्मिक वालि संरक्षण कार्यक्रम | २२५२२ | ६,५०,०००.०० | |
| १७० | ७५% अनुदानमा हिउदे र वर्षे तरकारीको विउ वितरण | २२५२२ | ५,००,०००.०० | |
| १७१ | एकिकृत जनस्वास्थ्य अभियान तथा रोग पहिचान कार्यक्रम (लेटाङ अस्पताल लगायत प्रेषण केन्द्रसँगको साझेदारीमा शिविर) | २२५२२ | २,५०,०००.०० | |
| १७२ | ५०% अनुदानमा धानको विउ वितरण | २२५२२ | २,००,०००.०० | |
| १७३ | सहकारी अनुगमन तथा तथ्याङ ब्यवस्थापन | २२५२२ | २,००,०००.०० | |
| १७४ | पेज बुष्ट मार्फत सूचना तथा गतिबिधि सम्प्रेषण | २२५२२ | ५,००,०००.०० | |
| १७५ | जेष्ठ नागरिक अनुभव आदान प्रदान कार्यक्रम | २२५२२ | ५०,०००.०० | |
| १७६ | ५०% अनुदानमा सुपारीको विरूवा खरिद तथा वितरण | २२५२२ | २,५०,०००.०० | |
| १७७ | सामुदायिक कुकुर बन्ध्याकरण तथा नियन्ण कार्यक्रम | २२५२२ | २,५०,०००.०० | |
| १७८ | सहकारी तथा वित्तिय संस्था सँग साझेदारीमा विपन्न लक्षित कार्यक्रम | २२५२२ | २,००,०००.०० | |
| १७९ | बिभिन्न कार्यक्रम | २२५२२ | ४,००,०००.०० | |
| १८० | "आमाबुबा बिहिन बालबालिकाका लागि कक्षा १२ सम्म निशुल्क शिक्षामा आर्थिक सहायता | २२५२२ | १,००,०००.०० | |
| १८१ | विद्यालयमा शैक्षिक सामग्री बैंक स्थापना अनुदान प्राथमिक १-१२ | २२५२२ | ६०,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १८२ | मागमा आधारित सामुदायिक वनहरूमा अधुवा र बेसार खेति प्रवर्धन | २२५२२ | १,००,०००.०० | |
| १८३ | विविध कार्यक्रम खर्च | २२५२९ | १५,००,०००.०० | |
| १८४ | विद्यालय अनुगमन सुपरीवेक्षण र निरीक्षण | २२६११ | २,००,०००.०० | |
| १८५ | अनुगमन, मूल्यांकन खर्च | २२६११ | १०,००,०००.०० | |
| १८६ | योजना अनुगमन कार्यक्रम | २२६११ | ५,००,०००.०० | |
| १८७ | भ्रमण खर्च | २२६१२ | २०,००,०००.०० | |
| १८८ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २२६१३ | ५,००,०००.०० | |
| १८९ | मेलमिलाप कर्तालाई अध्ययन अवलोकन भ्रमण | २२६१९ | २,००,०००.०० | |
| १९० | विभिन्न भाषा संस्कृत तथा पर्व मेला प्रवर्धन विविध खर्च | २२७११ | ८,००,०००.०० | |
| १९१ | विविध खर्च | २२७११ | ३०,००,०००.०० | |
| १९२ | सभा सञ्चालन खर्च | २२७२१ | १०,००,०००.०० | |
| १९३ | जेहेन्दार र गरिव छात्रवृत्ति | २७२११ | २,००,०००.०० | |
| १९४ | मिनरल ब्लक खरिद तथा बितरण कार्यक्रम | २७२१३ | ३,००,०००.०० | |
| १९५ | पशु औषधि खरिद तथा बितरण कार्यक्रम | २७२१३ | ११,५०,०००.०० | |
| १९६ | जैविक मल तथा प्रागारिक विषादी तथा सुक्ष्म खाध तत्व वितरण | २७२१३ | २,००,०००.०० | |
| १९७ | निःशुल्क वितरणका लागि औषधि खरीद | २७२१३ | ९,००,०००.०० | |
| १९८ | सर्जिकल सामाग्री तथा केमिकल खरिद कार्यक्रम | २७२१३ | ५२,८००.०० | |
| १९९ | कार्यक्रम सञ्चालनका लागि सामग्री खरीद (PNC Home Visit, Nutrition, CB-IMNCI आदि) | २७२१३ | १,५०,०००.०० | |
| २०० | घरभाडा | २८१४२ | १३,००,०००.०० | |
| २०१ | सवारी साधन तथा मेशिनर औजार भाडा | २८१४३ | १०,००,०००.०० | |
| २०२ | ढुवानी लोड अनलोड तथा ब्यवस्थापन कार्यक्रम | २८१४३ | ५०,०००.०० | |
| २०३ | अन्य भाडा | २८१४९ | ५,००,०००.०० | |
| २०४ | राजश्व फिर्ता | २८२११ | ४५,००,०००.०० | |
| २०५ | सामुदायिक बिकास मन्च सँग भवन निर्माणमा साझेदारी | ३११११ | ७,००,०००.०० | |
| २०६ | कोल्डस्टोरेज भवन निर्माण | ३१११२ | ५४,५०,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| २०७ | लक्ष्मी मा.वि. पुर्वाधार निर्माण | ३१११२ | २०,००,०००.०० | |
| २०८ | महाभारत मा. वि. पुर्वाधार निर्माण/स्तरोन्नती | ३१११२ | २०,००,०००.०० | |
| २०९ | नवज्योती वालविका केन्द्र किर्तिमान भवन निर्माण | ३१११२ | ५,००,०००.०० | |
| २१० | लेटाङ्ग अस्पातल मर्मत सम्भार तथा अल्मुनियम पार्टिसन | ३१११२ | ८,००,०००.०० | |
| २११ | ज्ञानज्योती वालविकास केन्द्र किराँतचोक अधुरो भवन निर्माण | ३१११२ | १,५०,०००.०० | |
| २१२ | देवकोटा पुस्ताकलयको पुनः निर्माण | ३१११२ | ७,००,०००.०० | |
| २१३ | चिसाङ केभोलेन कार्यालय भवन निर्माण | ३१११२ | ५,००,०००.०० | |
| २१४ | सहरी स्वाथ्य केन्द्र ज्यामिरे प्रदेश साझेदारीमा भवन निर्माण | ३१११२ | ५,००,०००.०० | |
| २१५ | लेटाङ्ग तामाङ घेदुङ्ग कार्यालयको तला थप | ३१११२ | २,५०,०००.०० | |
| २१६ | सर्पदंश उपचार केन्द्र व्यवस्थापन | ३१११२ | २,००,०००.०० | |
| २१७ | लेटाङ ९ भाषा स्कुल कोठा निर्माण | ३१११२ | २,००,०००.०० | |
| २१८ | ५०प्रतिशत अनुदानमा मागमा आधारित साना कृषि सामाग्री उपकरण कार्यक्रम (प्लाष्टिकटनेल,मकै रोप्ने छोडयाउने तथा अन्य साना कृषि सामग्री इले स्प्रेयर, थोपा सिचाई सेट वितरण) | ३११२२ | ६,००,०००.०० | |
| २१९ | स्वास्थ्य संस्थाहरुमा सेवा सुधारका लागि (अटोक्लेभ लगायत) औजार उपकरण खरीद | ३११२२ | २,५०,०००.०० | |
| २२० | मेशिनरी तथा औजार | ३११२२ | ३०,००,०००.०० | |
| २२१ | सि सि टि भि मर्मत तथा सम्भार (नगरस्तर) | ३११२२ | ७,००,०००.०० | |
| २२२ | विषादि परीक्षण उपकरण खरिद | ३११२२ | १,५०,०००.०० | |
| २२३ | कफि खेतिकाका लागि प्लाटिक टनेल निर्माण | ३११२२ | २,००,०००.०० | |
| २२४ | लेटाङ ६ को बैध टोलमा थोपा सिचाईको लागि प्लास्टिक पोखरी निर्माण तथा थोपा सिँचाई सेट वितरण | ३११२२ | २,२५,०००.०० | |
| २२५ | स्वाथ्या सस्थामा फर्निचर खरिद | ३११२३ | २,५०,०००.०० | |
| २२६ | फर्निचर तथा फिक्चर्स | ३११२३ | २५,००,०००.०० | |
| २२७ | व्यवस्थित मासु पसल निर्माणका | ३११३१ | ७,५५,०००.०० | |
| २२८ | वातावरण प्रभाव परिक्षण(IEE) | ३११३५ | ९,००,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| २२९ | पूँजिगत अनुसन्धान तथा परामर्श | ३११३५ | २०,००,०००.०० | |
| २३० | गुवाबारी वाराङ्गी हुदै फकौंली गुराँसेटार सम्मको सडक स्तरोन्नती | ३११५१ | २०,००,०००.०० | |
| २३१ | लेटाङ ६ गुवाबारी गैरीगाउँ सडक ड्रेन निर्माण | ३११५१ | ४,००,०००.०० | |
| २३२ | वुद्ध मार्ग कालोपत्रे निर्माण (प्रदेश समपुरक कोष साझेदारी) | ३११५१ | ३७,७०,०००.०० | |
| २३३ | मुर्चुङ्गे खोला पक्की पुल निर्माण (गत आ व प्रदेश समपुरक साझेदारी) | ३११५१ | २७,००,०००.०० | |
| २३४ | वडा कार्यालय अगाडीको बाटो सौन्दर्यकरण र ट्राफिक व्यावस्थापन | ३११५१ | २०,००,०००.०० | |
| २३५ | लेटाङ १ हैकले अपुरो नयाँ ट्र्याक निर्माण | ३११५१ | ४,००,०००.०० | |
| २३६ | सयपत्री चौक देखी दक्षिण वडा नं ९ को सिमानासम्मको बाटो दुवै साईटबाल लागाई ग्राभेल | ३११५१ | २०,००,०००.०० | |
| २३७ | शिक्षा विकास मार्ग कालोपत्रे निर्माण | ३११५१ | ७५,००,०००.०० | |
| २३८ | मुर्चुङी खोला पक्की पुल निर्माण (प्रदेश समपुरक कोष साझेदारी) | ३११५१ | ३२,३०,०००.०० | |
| २३९ | लेटाङ कानेपोखरी सडक स्तरउन्नती तथा बृक्ष रोपण | ३११५१ | ५,००,०००.०० | |
| २४० | प्रकाश मार्ग एजिङ सहित निर्माण | ३११५१ | २०,००,०००.०० | |
| २४१ | कोल्बोटे खोला बक्स कल्भर्ट निर्माण | ३११५१ | २०,००,०००.०० | |
| २४२ | झोलुगे पुल समपुरक | ३११५१ | ५,००,०००.०० | |
| २४३ | जाँते ८ डाँडा गाउँ देखी एक्ले सम्म सडक स्तरउन्नती | ३११५१ | ४,००,०००.०० | |
| २४४ | वडा नं ३ बिधुत बिस्तार | ३११५३ | ३,००,०००.०० | |
| २४५ | बिद्युत विस्तार कार्यक्रम | ३११५३ | ६,००,०००.०० | |
| २४६ | सडक किनार पार्किङ निर्माण | ३११५४ | ५,००,०००.०० | |
| २४७ | तटबन्धन निर्माण | ३११५४ | २०,००,०००.०० | |
| २४८ | सिचाई पैनीहरूको मर्मत सम्भार | ३११५४ | २०,००,०००.०० | |
| २४९ | तारजाली खरिद | ३११५४ | ३५,००,०००.०० | |
| २५० | सिँचाई पैनिको ड्रेन निर्माण | ३११५५ | २०,००,०००.०० | |
| २५१ | खानेपानी पाइप खरिद (नगस्तरिय) | ३११५६ | ७,००,०००.०० | |
| २५२ | समला खानेपानी निर्माण | ३११५६ | ५,००,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| २५३ | सार्वनिक स्थानमा डस्बिन निर्माण | ३११५८ | १,००,०००.०० | |
| २५४ | नमुनाको रूपमा बिद्यालयमा एक कृषि बगैचा निर्माण | ३११५९ | ४,००,०००.०० | |
